annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक १११, पृष्ठ ८ | काठमाडौं, बुधबार ३ भदौ २०८३ | श्राव... WEDNESDAY, AUGUST 19, 2026 | मूल्य : रु. १०

नेताका बोलीबाट ‘न्यायालयको अवहेलना’ !

प्रधानमन्त्री वालेन्द्र शाह, कांग्रेस सभापति गगन थापा र एमाले अध्यक्ष केपी शर्मा ओलीविरुद्धका अवहेलना मुद्दा विचाराधीन छन् । पुष्पकमल दाहालविरुद्धको मुद्दा साढे ७ वर्षपछि टुंगिए पनि अवहेलनाको मुद्दा सहजै दर्ता हुने तर वर्षौंसम्म फैसला नहुने अवस्था देखिएको छ ।

दिनेश गौतम | *काठमाडौं*

विस्तृत पृष्ठ २

विज्ञको सुझाव

‘कर्जा सुरक्षणमा सीआईबीभन्दा राष्ट्र बैंक नै अघि सर्नुपर्छ’

अन्नपूर्ण | *काठमाडौं*

बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेका कर्जा सुरक्षणका लागि प्रहरी निकायभन्दा नेपाल राष्ट्र बैंकको नियमनलाई प्रभावकारी बनाउनुपर्ने सुझाव विज्ञहरूबाट उठेको छ।

प्रहरी यस्ता मुद्दामा फस्दा एकातिर बैंकिङ क्षेत्रका विज्ञ, कर्मचारीहरूको मनोबल गिरेको छ भने अर्कोतर्फ राष्ट्र बैंककै भूमिकामाथि प्रश्न उठ्नेछ। बैंकिङ क्षेत्र अन्य व्यवसायभन्दा फरक हुन्छ। बैंकले सर्वसाधारणबाट निक्षेप संकलन गरेर कर्जा प्रवाह गर्छन्। कर्जा प्रवाहदेखि असुलीसम्मको प्रक्रिया राष्ट्र बैंकको नियमन र सुपरिवेक्षणमा हुन्छ।

त्यसैले कर्जा प्रवाहमा अनियमितता देखिएमा त्यसको प्रारम्भिक नियामकीय परीक्षण कसले गर्ने भन्ने प्रश्न महत्त्वपूर्ण बनेको छ। पूर्वगभर्नर दीपेन्द्रबहादुर क्षेत्री राष्ट्र बैंकको परामर्शमा सबै अनुसन्धान हुनुपर्ने बताउँछन्। तर, पछिल्ला घटनामा सीआईबी आफैंले अनुसन्धान अघि बढाएर मुद्दासमेत दायर गर्ने अवस्था देखिएको उनको भनाइ छ।

अर्थविद् डा. चन्द्रमणि अधिकारीले बैंकिङ क्षेत्रमा कानुनी स्पष्टता रहेको बताएका छन्। उनले अनुसन्धानको नाममा जथाभावी पक्राउ गर्ने, दुःख दिने प्रवृत्ति रोकिनुपर्ने सुझाव दिए। ‘अहिलेको जस्तो त्रासदीको अवस्थाले राज्य र नागरिकबीचको दूरी झन् बढाउँछ। बैंकिङ क्षेत्र कमजोर हुन्छ,’ अधिकारीले भने। एउटै विषयमा दोहोरो कानुनी र कारबाहीको व्यवस्था राख्न नहुने उल्लेख गर्दै उनले त्यसलाई सरकारले सच्याउन आवश्यक कदम चाल्नुपर्ने सुझावसमेत दिए।

बैंक तथा वित्तीय संस्थाको नियमन र सुपरिवेक्षण गर्ने मुख्य जिम्मेवारी नेपाल राष्ट्र बैंकको हो। त्यसैले बैंकिङ क्षेत्रमा अनियमितता भएको आशंकामा सीआईबीले अनुसन्धान गरिरहँदा नियामक राष्ट्र बैंकको भूमिका र जिम्मेवारीमाथि प्रश्न उठ्न थालेको छ।

कर्जा स्वीकृतिदेखि धितो मूल्यांकन, कर्जा असुली र धितो लिलामीसम्मका निर्णयमाथि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले छानबिन गर्दै मुद्दा अदालतमा दर्ता भइरहेको छ। ब्युरो स्थापना भएदेखि हालसम्म २ सय ४४ वटा मुद्दा दर्ता भएका छन् र जसमध्ये ४ वटा मुद्दा (सेञ्चुरी कमर्सियल बैंक-२) हाल अनुसन्धानको क्रममा रहेको सीआईबीले जनाएको छ। रकम हिनामिना वा अनियमितताको आशंकामा बैंकका सञ्चालक, प्रमुख कार्यकारी अधिकृत (सीईओ) र कर्मचारीसमेत अनुसन्धानको दायरामा परेका छन्।

‘कर्जा प्रवाहमा अनियमितता देखिएमा त्यसको प्रारम्भिक नियामकीय परीक्षण कसले गर्ने भन्ने विषय मुख्य हो । सीआईबी आफैं अघि सरेर मुद्दा दायर गर्नुभन्दा राष्ट्र बैंककै परामर्श र रोहवरमा सम्पूर्ण अनुसन्धान प्रक्रिया अघि बढ्नुपर्छ ।’

दीपेन्द्रबहादुर क्षेत्री,
पूर्वगभर्नर, नेपाल राष्ट्र बैंक

‘अनुसन्धानको नाममा बैंकिङ क्षेत्रमा जथाभावी पक्राउ गर्ने र दुःख दिने प्रवृत्तिले राज्य र नागरिकबीचको दूरी बढाउँछ । एउटै विषयमा दोहोरो कानुनी कारबाहीको व्यवस्था हटाएर सरकारले यो त्रासदीको अवस्था तुरुन्त सच्याउनुपर्छ ।’

डा. चन्द्रमणि अधिकारी,
अर्थविद्

कर्जा प्रक्रियामा कर्मचारीको भूमिका

बैंकमा कर्जा स्वीकृतिको प्रक्रिया एउटै व्यक्तिको निर्णयमा आधारित हुँदैन। शाखाबाट सुरु भएको कर्जाको फाइल आवश्यकताअनुसार सम्बन्धित विभाग हुँदै अघि बढ्छ। कर्जाको प्रकृति र रकमका आधारमा विभिन्न तहबाट यसको मूल्यांकन र स्वीकृति हुन्छ। कतिपय अवस्थामा सञ्चालक समितिले समेत कर्जा स्वीकृत गर्ने गर्छ। यस्तो प्रक्रियामा संलग्न सबै कर्मचारीको नियत खराब हुन्छ भन्ने हुँदैन। तर, प्रहरी अनुसन्धानमा कर्जा प्रक्रियामा संलग्न कर्मचारीसमेत तानिन थालेपछि बैंकका कर्मचारीमा त्रास बढेको बैंकरहरूको गुनासो छ। अनुसन्धानको डरले कर्जा प्रवाहमा निर्णय गर्न कर्मचारी हिचकिचाउने अवस्था आएमा त्यसले बैंकिङ प्रणालीमै असर पार्न सक्ने जानकारहरू बताउँछन्। यही विषय अहिले बैंकिङ क्षेत्रमा बहसको विषय बनेको छ।

प्रभु बैंक, बैंक अफ काठमाडौं र एनआईबीएल बैंकसँग सम्बन्धित घटनाले यो बहसलाई थप चर्काएको छ। कतिपय घटनामा राष्ट्र बैंकको नियामकीय दृष्टिकोण र प्रहरीको अनुसन्धानबीच फरक देखिएको छ।

स्मार्ट टेलिकमको धितो लिलामीमा एनआईएमबीका अधिकारीमाथि अनुसन्धान

नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (एनआईएमबी) का सीईओ ज्योतिप्रकाश पाण्डेलाई वैशाख ३० गते सीआईबीले नियन्त्रणमा लिएको थियो। स्मार्ट टेलिकमलाई दिइएको कर्जा भुक्तानी नभएपछि बैंकले गरेको धितो लिलामीको विषयलाई लिएर पाण्डेमाथि अनुसन्धान गरिएको थियो। उनी दुई दिन हिरासतमा बसेपछि जेठ १ गते सर्वोच्च अदालतको आदेशमा रिहा भएका थिए।

त्यसपछि बैंकका अध्यक्ष पृथ्वीबहादुर पाँडे तथा सञ्चालकहरूले आफूहरूलाई पक्राउ नगर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। सीआईबीको अनुरोधमा जिल्ला अदालत काठमाडौंले स्मार्ट टेलिकमको धितो लिलामीसम्बन्धी थप अनुसन्धानका लागि बैंकका सञ्चालक समितिका सदस्यहरूविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो। पक्राउ पुर्जी जारी भएपछि नेपाल राष्ट्र बैंकले सञ्चालकहरूको बैंक खाता रोक्का गरेको थियो।

» बाँकी पृष्ठ ६

मर्यादित संसद्मा ‘अमर्यादित’ व्यवहार

सुरेन्द्र काफ्ले | *काठमाडौं*

सभामुख डोलप्रसाद (डीपी) अर्यालले मर्यादामा बस्न सचेत गराए, तर रास्वपा सांसद आशिका तामाङ फन्किएर प्रतिनिधिसभा बैठकबाट बाहिर निस्किइन्। सभामुख अर्यालले ‘मन्त्रीले जवाफ दिइसकेपछि पूरक प्रश्न’ सोध्ने नियम नरहेको भन्दै नियमावलीको व्यवस्था स्मरण गराए। तर, सांसद तामाङले परराष्ट्रमन्त्री शिशिर खनाललाई ‘किन प्रश्न गर्न नपाउने’ भन्दै सभामुखसँग ढिपी कसिन्। नियमावलीअनुसार नमिल्ने भन्दै सभामुखले पटक-पटक बस्न निर्देशन दिए, तर उनले मानिनन्। त्यसपछि सभामुखले मंगलबारको बैठकमा ‘मर्यादा’ मा बस्न सत्तापक्षकै सांसद तामाङलाई निर्देशन दिएका थिए।

परराष्ट्रमन्त्री शिशिर खनालले सांसद तामाङको प्रश्नको जवाफ दिँदै गर्दा असन्तुष्ट भएर सांसद तामाङले पूरक प्रश्न गर्न पाउनुपर्ने अड्डी कसेकी थिइन्। मन्त्री बोल्दाबोल्दै सांसद तामाङ उठेर प्रतिप्रश्न गर्न खोजिन्। सभामुखले सुरुवातमा बोल्ने समय नदिएको भन्दै ‘बस्न’ निर्देशन दिए, तर उनले टेरिनन्। त्यसपछि सभामुख अर्यालले भने, ‘माननीय आशिका तामाङलाई मर्यादामा बस्न म निर्देशन दिन्छु।’

सभामुखको निर्देशन नमानेर तामाङले संसद् बहिष्कार गरेकी छन्। उनको यो क्रियाकलापले संसदीय मर्यादा, आचरणका विधि र नीतिमा ठेस पुगेको छ। विपक्षले मात्र होइन, उनकै पार्टीका नेताहरूले तामाङको क्रियाकलापको निन्दा गरेका छन्। रास्वपा सांसद स्मृति सेन्चुरीले नै आफ्नै पार्टीकी सांसद तामाङको व्यवहार अमर्यादित भएको बताएकी छन्।

सामाजिक सञ्जालमा सेन्चुरीले लेखेकी छन्, ‘सभामुख केवल आसनमा बस्ने व्यक्ति होइनन्, सम्पूर्ण सदनको सम्मानित नेतृत्व हुन्। आफ्नो कुरा राख्ने अधिकार सबैलाई छ, तर सभामुखको आग्रहलाई बेवास्ता गर्दै रिसाएर सदनबाट निस्किनु अधिकार होइन, संसदीय मर्यादामाथिको प्रश्न हो। लोकतन्त्रमा आवाज ठूलो भएर होइन, आचरण ठूलो भएर सम्मान पाइन्छ।’

यसअघि पनि तामाङले संसदीय मर्यादाको उल्लंघन गरेको भन्दै आलोचना भइरहेको छ।

संसद्मा हंगामा

अर्की सांसद टीका संग्रौला (ज्वाला) ले विपक्षी दललाई ‘गुन्डा’ को आरोप लगाएपछि हंगामा भएको थियो। प्रतिनिधिसभाको बैठकमा बोल्ने क्रममा संग्रौला विपक्षी दलका सांसदहरूसँग दोहोरो वादविवादमा उत्रिएकी थिइन्।

» बाँकी पृष्ठ ६

प्रतिबन्ध छ, तर कुवेत जाने क्रम रोकिएन

मेघराज सापकोटा | *कुवेत*

कुवेत सिटीको एक सुपरमार्केटमा भेटिएकी सरसफाइको काम गर्ने चितवनकी गीता घले कुवेत पुगेको ७ महिना भयो। उनी ओमानको पर्यटक भिसामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मस्कट उडेकी थिइन्। त्यसको दुई दिनपछि उनी कुवेत पुगिन्। गीतासँगै अन्य ५ नेपाली युवती पनि कुवेत पुगेका थिए। उनीहरूमध्ये एक जना साथीसँग मात्र अहिले उनको सम्पर्क छ। बाँकी कहाँ छन् र के गर्दै छन् भन्नेबारे गीतालाई जानकारी छैन।

गीतासहित ५ जना युवतीलाई एक एजेन्टले ओमानको पर्यटक भिसामा मस्कट हुँदै कुवेत पुऱ्याइदिएका थिए। गीता चढेको जहाजमा अन्य धेरै नेपाली महिला पनि थिए। उनीहरूमध्ये अधिकांशलाई विभिन्न एजेन्टले घरेलु कामका लागि कुवेत पुऱ्याएको गीताको भनाइ छ। सरकारले घरेलु कामदारका रूपमा कुवेत जान नेपाली महिलालाई श्रम स्वीकृति नदिए पनि कुवेत पुग्ने क्रम रोकिएको छैन।

श्रम स्वीकृति लिएर जाने बाटो बन्द भएपछि तेस्रो मुलुक हुँदै कुवेत पुग्ने प्रवृत्ति बढेको देखिन्छ। कुवेतमा झन्डै ७० हजार नेपाली घरेलु कामदार रहेको बताइन्छ। तर नेपालबाट श्रम स्वीकृति लिएर नगएका कारण उनीहरूको वास्तविक संख्या यकिन गर्न कठिन छ। श्रम स्वीकृति नलिई गएका कारण उनीहरू नेपालको वैदेशिक रोजगार प्रणालीमा अनौपचारिक अर्थात् अवैधानिक श्रमिकका रूपमा छन्।

नेपालले लामो समयदेखि खाडी मुलुकमा घरेलु कामदारका रूपमा महिला पठाउन प्रतिबन्ध लगाउँदै आएको छ।

» बाँकी पृष्ठ ६

शीर्ष नेताविरुद्ध अवहेलना:

मुद्दा छ, प्राथमिकता छैन

दिनेश गौतम | *काठमाडौं*

काठमाडौं महानगरपालिकाको मेयर हुँदा वालेन्द्र शाहविरुद्ध दायर भएको अदालतको अवहेलना मुद्दा उनी प्रधानमन्त्री भइसक्दा पनि टुंगिएको छैन। २०७९ भदौदेखि तारेख चलिरहेको मुद्दाको सुनुवाइ भएको चार वर्ष पुग्न लाग्दासमेत टुंगिएको छैन।

२०७९ भदौ १ गते अधिवक्ताद्वय दीपकराज जोशी र दामोदर तिम्सिनाले तत्कालीन मेयर वालेन्द्रविरुद्ध अदालतको अवहेलनामा सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए। नर्भिक अस्पतालको संरचना नभत्काउन सर्वोच्च अदालतले अन्तरकालीन आदेश दिएको थियो। उक्त आदेशको विरुद्धमा बालेन्द्रले 'अब नक्सापासको काम पनि सर्वोच्च अदालतलाई गर्न दिए हुने' भनी प्रतिक्रिया दिएका थिए। वालेन्द्रविरुद्ध नर्भिक इन्टरनेसनल हस्पिटल एन्ड मेडिकल कलेज र राजेन्द्रबहादुर सिंहले पनि दुई छुट्टाछुट्टै रिट निवेदन दायर गरेका थिए।

सर्वोच्च अदालतले एकै प्रकृतिको भन्दै तीनवटै मुद्दालाई लगाउमा राखेको छ। यी मुद्दाको दोस्रो पटक सुनुवाइ २०८२ भदौ १६ गते भएको थियो। हरिप्रसाद फुयाँल र महेशप्रसाद शर्मा पौडेलको संयुक्त इजलासमा सुनुवाइ भयो। तर फैसलाको कुनै टुंगो छैन।

गगनविरुद्धको मुद्दा: एक वर्षदेखि विचाराधीन

नेपाली कांग्रेसको महामन्त्री हुँदा गगन थापाविरुद्ध दायर अदालतको अवहेलना मुद्दा पनि टुंगिएको छैन। थापा पार्टी सभापति भइसकेका छन्।

थापाले संवैधानिक निकायमा ५२ जना पदाधिकारी नियुक्तिसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले मुद्दा झुलाइरहेको भन्दै सार्वजनिक मन्तव्य राखेका थिए। नियुक्ति भएका पदमा समयावधि सकिने बेला भइसक्दा पनि फैसला नगरिकन राखेको भन्दै आक्रोशित अभिव्यक्ति दिएका थिए। २०८२ वैशाख ११ गते लोकतन्त्र दिवसको अवसरमा आयोजित कार्यक्रममा उनले भनेका थिए, 'आइतबार हेर्रौं, पख्लास् शुक्रबारसम्म भनेर अल्झाइरहेको छ। अदालतले डिल गऱ्यो। अब त्यसको विश्वसनीयता के रहन्छ ? दुई/तीन वर्षदेखि तँलाई हान्दिऊँ भनेर झुलाएर राखेको छ। कहिले हेर्दाहेर्दै भन्छ, कहिले हेर्न नभ्याइने भन्छ। कहिले भोलि हेर्ने भन्छ, त्यसले अदालतको विश्वसनीयतामाथि प्रश्न गराउँछ।'

थापाको यही अभिव्यक्तिलाई लिएर २०८२ वैशाख १४ गते रिट निवेदन दायर भएको थियो। अधिवक्ता अनन्तराज लुइँटेलसहित प्रतिभा उप्रेती र विशाल थापाले दायर गरेको रिट निवेदन एक वर्षदेखि विचाराधीन छ। वैशाख १६ गते न्यायाधीशद्वय सपना प्रधान मल्ल र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले लिखित जवाफ माग्ने आदेश गरेको थियो। थापाले लिखित जवाफमा आफ्नो पूर्ण अभिव्यक्ति नसुनी एकपक्षीय भनाइ र संलग्न समाचारको कटिङलाई मात्रै आधार बनाएर रिट दायर भएको दाबी गरेका छन्।

अदालतमा पठाएको लिखित जवाफमा उनले भनेका छन्, 'अदालतमा विचाराधीन मुद्दामा प्रतिकूल असर पर्ने गरी मलाई प्राप्त संवैधानिक अभिव्यक्तिको हक एकतर्फी रूपमा सीमित हुने गरी अभिव्यक्ति दिने कार्य नगर्नु भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२ वैशाख १६ गते भएको प्रारम्भिक आदेश कानुनसंगत एवं न्यायसंगत नभएकाले यस किसिमका आदेशहरूबाट हामीले लामो समय संघर्ष गरी स्थापित गरेको संवैधानिक तथा मौलिक अधिकार प्रवर्तन हुन सक्दैन।'

थापाले लिखित जवाफ पठाएपछि सर्वोच्चमा मुद्दाको अर्को पेसी चढेको छैन।

ओलीविरुद्धको मुद्दा: ६ वर्षदेखि विचाराधीन

नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध पनि अदालतको अवहेलनामा मुद्दा दायर भएको छ। गिरीबन्धु टी स्टेटबारे सर्वोच्च अदालतले गरेको फैसलाको अवहेलना गरेको भन्दै अधिवक्ता ओमप्रकाश अर्याललले रिट निवेदन दायर गरेका हुन्। अधिवक्ता अर्याललले २०८१ माघ २९ गते रिट दायर गरेका हुन्। सर्वोच्च अदालतको फैसला कार्यान्वयन नगरेर तत्कालीन प्रधानमन्त्री ओली नेतृत्वको सरकारले भूमिसम्बन्धी अध्यादेश ल्याई सर्वोच्च अदालतको परमादेश कार्यान्वयनमा अवरोध गरेको दाबी रिटमा छ।

२०८१ फागुन ४ गते न्यायाधीशद्वय सारंगा सुवेदी र नित्यानन्द पाण्डेयको संयुक्त इजलासले लिखित जवाफ माग्ने आदेश गरेको थियो। त्यसयता पेसी चढेको छैन। तत्कालीन प्रधानमन्त्री ओलीले 'बाजे वकिललाई लगेर इजलासमा तमासा गरेको' अभिव्यक्ति दिएपछि कानुन व्यवसायीहरू चिढिएका थिए। ओलीविरुद्ध अदालतको अवहेलनामा अधिवक्ता कञ्चनकृष्ण न्यौपानेले पनि रिट निवेदन दायर गरेका छन्। अधिवक्ता न्यौपानेले २०७७ माघ १३ गते रिट दायर गरेका हुन्। २०७७ माघ १५ गते तत्कालीन न्यायाधीश डा. मनोजकुमार शर्माको एकल इजलासले बाटोको म्यादबाहेक सात दिनभित्र अदालतमा उपस्थित भई जवाफ दिन आदेश दिएको थियो। न्यायाधीश शर्मा प्रधानन्यायाधीश भइसकेका छन् तर मुद्दाले पेसी देखेको छैन।

माघ १३ गते नै वरिष्ठ अधिवक्ता डा. कुमार शर्मा आचार्यले पनि ओलीविरुद्ध रिट निवेदन दायर गरेका थिए। यो मुद्दा पनि २०७७ माघ १५ गते पेसी चढ्यो, त्यसयता बेन्चको मुख देख्न पाएको छैन। माघ १५ गते तत्कालीन न्यायाधीश डा. मनोजकुमार शर्माको एकल इजलासले लिखित जवाफ माग गरेको थियो।

दाहालविरुद्धको मुद्दा: साढे सात वर्षपछि फैसला

२०७३ वैशाखको अन्तिम साता नेकपा माओवादीका संयोजक पुष्पकमल दाहालले आफूविरुद्ध अदालतमा षड्यन्त्र भइरहेको आरोप लगाए। माओवादीविरुद्ध अदालतलाई प्रयोग गरिएको र 'दिउँसै रात पार्ने' प्रपञ्च भइरहेको भन्दै आक्रोश पोखे। व्यक्ति हत्याको आरोपमा माओवादी कार्यकर्ता छविलाल अधिकारी पक्राउ परेकोमा आक्रोशित दाहालले अदालत शान्ति प्रक्रियाविरुद्ध अघि बढिरहेको दाबी समेत गरे।

यही अभिव्यक्तिका कारण दाहालविरुद्ध जेठ १२ गते वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले अदालतको अवहेलना मुद्दा दायर गरेका थिए। यो मुद्दा सुनुवाइका लागि २४ पटक पेसी चढ्यो। कहिले हेर्न नभ्याइने त कहिले कानुन व्यवसायीबाट स्थगित भइरह्यो। रिट दर्ता भएको साढे सात वर्षपछि २०८० पुस २० गते न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र कुमार रेग्मीको संयुक्त इजलासले अदालतको अवहेलनामा कारबाहीका लागि मागदाबी नपुग्ने फैसला गऱ्यो।

दाहालसहित डा. बाबुराम भट्टराई, नारायणकाजी श्रेष्ठ, शालिकराम जम्कट्टेललगायतका नेताविरुद्ध अदालतको अवहेलनामा दाङका मुरारीकुमार शर्माले रिट निवेदन दायर गरेका थिए। सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतले सेनाका जर्नेलहरूको पुनर्बहालीको आदेश दिएपछि तत्कालीन माओवादीका संघ, संगठनले विरोध गरेका थिए। २०६५ चैत १३ गते सर्वोच्च अदालतको आदेशविरुद्ध काठमाडौंमा प्रदर्शनी, गालीगलौज र नाराबाजी हुँदा अदालतको अवहेलना भएको दाबी रिटमा गरिएको थियो। जसको फैसला दुई वर्षपछि भएको थियो। २०६७ साल फागुन २५ गते न्यायाधीशद्वय गिरीशचन्द्र लाल र प्रकाश वस्तीको संयुक्त इजलासले अदालतको कामकारबाही रोक्ने वा सो कार्यमा बाधा पुऱ्याएको कुरासमेत मिसिल संलग्न कागजातहरूबाट नदेखिएको ठहर गर्दै दोषी ठहर गर्नु न्यायसम्मत हुन नसक्ने फैसला सुनाएको थियो। अदालतले रिट निवेदन खारेज गरेको थियो।

मुद्दा छ, प्राथमिकता छैन

अदालतको अवहेलनाको मुद्दा सुनुवाइमा प्राथमिकतामा नपर्नुका विभिन्न कारण छन्। अवहेलनाका सबै मुद्दा तत्काल सुनुवाइ गर्नैपर्ने श्रेणीमा सर्वोच्च स्वयंले राख्दैन। मुद्दाको प्रकृति र तत्काल न्यायिक हस्तक्षेप आवश्यक छ कि छैन भन्ने आधारमा अदालतले मुद्दाको प्राथमिकता निर्धारण गर्छ। बन्दीप्रत्यक्षीकरण, अन्तरिम आदेश आवश्यक पर्ने मुद्दा, संवैधानिक तथा सार्वजनिक सरोकारका कतिपय मुद्दाले प्राथमिकता पाउँछन्। तुलनामा तत्काल क्षति नहुने भएकाले अवहेलना मुद्दाले प्राथमिकता पाउँदैन।

अवहेलना मुद्दामा पनि प्रारम्भिक प्रक्रिया पूरा गर्न समय लाग्छ। निवेदन दर्तापछि अदालतले प्रतिवादीलाई लिखित जवाफ माग्न सक्छ। जवाफ आएपछि मात्रै मुद्दा सुनुवाइका लागि अघि बढ्ने अवस्था हुन्छ। पेसी स्थगित हुने, इजलासबाट हेर्न नभ्याइने अवस्था, न्यायाधीशको अनुपस्थिति वा अन्य प्रशासनिक कारणले गर्दा पनि मुद्दा लम्बिने गर्छ। अदालतको अवहेलनाका मुद्दा सर्वोच्च, उच्च र जिल्ला अदालतमा सहजै दर्ता हुन्छन्। तर, किनारा लाग्न भने वर्षौं लाग्छ। 'अदालतमा मुद्दाको चाप अत्यधिक छ। विभिन्न प्रकृतिका २८-३० हजार मुद्दा विचाराधीन छन्,' सर्वोच्चका सहरजिस्ट्रार/प्रवक्ता अर्जुनप्रसाद कोइराला भन्छन्, 'न्यायाधीशको संख्याको तुलनामा मुद्दाको चाप बढी हुनु र फरक प्रकृतिका महत्त्वपूर्ण रिटले प्राथमिकता पाउँदा अदालतको अवहेलनाका मुद्दाको सुनुवाइमा पालो ढिलो आउने र छिटो टुंगो नलाग्ने समस्या छ।'

कसरी हुन्छ अदालतको अवहेलना ?

२०६३ मंसिर २८ गते तत्कालीन न्यायाधीशद्वय बलराम केसी र रामकुमारप्रसाद साहको संयुक्त इजलासले आठ वटा बुँदा प्रस्तुत गर्दै अदालतको अवहेलनाको व्याख्या गरेको छ। जसअनुसार, अदालतको निर्णय वा आदेशको जानाजान अवज्ञा गर्ने कार्यलाई अदालतको अवहेलना भनिएको छ। त्यस्तै अदालतसमक्ष गरेको प्रतिज्ञाको जानाजान भंग वा अवज्ञा गर्ने कार्यलाई पनि अदालतको अवहेलना हुने व्याख्या गरिएको छ। बोलेर, लेखेर वा अन्य कुनै प्रकाशनद्वारा अदालतप्रति भ्रामक हल्ला फिजाई अनास्था पैदा गरी काण्ड (स्क्यान्डलाइज) मच्चाउनुलाई पनि अदालतको अवहेलना हुने भनिएको छ।

बोलेर वा लेखेर वा अन्य कुनै प्रकाशन वा कार्यद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने कार्यलाई पनि अदालतको अवहेलनाका रूपमा हेरिएको छ। त्यस्तै बोलेर वा लेखेर वा अन्य प्रकाशन वा कामद्वारा अदालती कारबाहीमा हस्तक्षेप गर्ने वा न्याय प्रशासनमा अवरोध गर्ने कार्य पनि अदालतको अवहेलनाका रूपमा लिइएको छ। अदालतमा विचाराधीन मुद्दामा टिप्पणी गरी स्वतन्त्र र निष्पक्ष न्याय सम्पादनमा हस्तक्षेप हुने काम गर्ने र मुद्दाका पक्षहरू, मुद्दाका साक्षीहरू तथा अदालतका कर्मचारीलाई बाधा-विरोध गर्ने कार्यलाई अदालतको अवहेलनाका रूपमा लिइएको छ। त्यस्तै अदालतलाई विवादमा ल्याउने जुनसुकै कार्य- यी अवस्थामात्र होइन, अवस्थाअनुसार विभिन्न अन्य कार्यले पनि अदालतको अवहेलना हुन सक्ने व्याख्या गरिएको छ।

सर्वोच्चले विधिको शासनसहितको कानुनी राज्यमा न्यायको सेवा प्रवाहमा अवाञ्छित हस्तक्षेप गर्न नपाइने व्याख्या गरेको छ। अदालत वा न्यायिक निकायमाथि आक्रमण गर्ने कार्य पनि अवहेलनाजन्य हुने र न्यायिक प्रक्रियामा संलग्न व्यक्तिमाथि आक्रमण गर्नु पनि अदालतको अवहेलना मानिने भनेको छ। अदालतप्रतिको जनआस्थामा गम्भीर आँच आउने कार्यलाई समेत अवहेलनाका रूपमा लिइन्छ। त्यस्तै, अदालतको आदेश वा फैसलाको अवज्ञा गर्नु तथा न्याय सम्पादनमा अवरोध पुऱ्याउनु पनि अदालतको अवहेलनाजन्य कार्य हो।

अदालतको अवहेलनाको मुद्दा दायर गर्ने रिट निवेदक कानुन व्यवसायीहरू अदालतको मर्यादा र गरिमालाई उँचो बनाई अदालतप्रतिको जनआस्थामा अभिवृद्धि गराउने उद्देश्यले मुद्दा दायर गरिने बताउँछन्। अदालतको अवहेलना सम्बन्धमा व्यवस्थापिकाले हालसम्म कुनै कानुन बनाएको छैन। के-कस्तो कार्यले अदालतको अवहेलना हुन्छ भन्ने कुरा त्यसको परिस्थितिअनुसार अदालतबाट व्याख्या हुँदै आएको छ।

अदालतको अवहेलनासम्बन्धी अन्तर्राष्ट्रिय तथा नेपाली न्यायिक विधिशास्त्रले यसको दायरा स्पष्ट गरेको देखिन्छ। अदालतको आदेश वा फैसलाको अनादर गर्नु अवहेलना मानिन्छ। अदालत वा न्याय प्रशासनप्रति भ्रम सिर्जना गर्ने कार्य पनि अवहेलनाजन्य हुन्छ। अदालतप्रति भ्रामक हल्ला फैलाएर अनास्था पैदा गर्नु पनि त्यस्तै कार्य हो। अदालतको सम्मान, मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने कामलाई समेत अवहेलना मानिन्छ। न्यायाधीशको निष्पक्षता वा सद्विवेकमाथि गलत आक्षेप लगाउनु पनि अवहेलनाको विषय बन्न सक्छ। झुटा आरोप लगाएर न्यायाधीशको सम्मान वा प्रतिष्ठामा आँच पुऱ्याउने कार्य पनि त्यस्तै हो। न्यायाधीशलाई स्वतन्त्र र निर्भीक रूपमा कर्तव्य निर्वाह गर्नबाट विचलित गराउने प्रयाससमेत अवहेलनाजन्य भनी व्याख्या गरिएको छ।

कस्तो अभिव्यक्ति अवहेलना होइन ?

सर्वोच्चले लोकतान्त्रिक समाजमा अदालतको काम कारबाही, फैसला, आदेश र न्यायाधीशउपर स्वच्छ एवं पूर्वाग्रहरहित सकारात्मक आलोचना तथा टीकाटिप्पणी गर्न रोक लगाउने अस्त्रका रूपमा अदालतले अवहेलनाको कारबाही नचलाउने प्रष्ट पारेको छ।

अधिवक्ता अञ्जनीकुमार पोखरेलले एक प्रतिष्ठित सञ्चारमाध्यमविरुद्ध दायर गरेको मुद्दामा अदालतबाट भएका फैसला, आदेश एवं अन्य न्यायिक कामकारबाहीको स्वस्थ रूपमा समाचार सम्प्रेषण तथा टीकाटिप्पणी गरेको कार्यलाई अदालतको जनआस्था घटाउने कार्य भएको भन्न नमिल्ने व्याख्या भएको छ। न्यायाधीशद्वय विश्वम्भरप्रसाद श्रेष्ठ र सपना प्रधान मल्लको संयुक्त इजलासले आजको खुला समाज भएको लोकतान्त्रिक व्यवस्थामा नै विचार तथा अभिव्यक्ति एवं प्रकाशनसम्बन्धी हकको व्यापक रूपमा प्रयोग भएको र यस्तोमा अदालतका काम कारबाही, फैसला, आदेश सम्बन्धमा वास्तविकतामा आधारित भएर स्वच्छ चर्चा, परिचर्चा, प्रकाशन, प्रसारण भएमा त्यसलाई अदालतको अवहेलना मान्न नमिल्ने व्याख्या गरेको छ।

त्यस्तै न्यायाधीशद्वय कुमार रेग्मी र नहकुल सुवेदीको संयुक्त इजलासले विधिको शासनसहितको कानुनी राज्यमा सभ्य र शान्तिपूर्ण तरिकाबाट सभ्यभाव/शैलीमा अदालतको आदेश, फैसला वा न्यायिक गतिविधिबारे आफ्नो विचार तथा अभिव्यक्ति राख्न पाउने स्वतन्त्रताको उपभोग गर्नुलाई अदालतको अवहेलना गरेको मान्न नमिल्ने व्याख्या गरेको छ।

५ रुपैयाँ जरिबानादेखि कैद सजायसम्म

अदालतको अवहेलनामा सर्वोच्च अदालतले लेखक तथा सञ्चारमाध्यमलाई दोषी ठहर गरेका उदाहरणहरू धेरै छन्। तर, राजनीतिक दलका नेताहरूका अभिव्यक्तिलाई लिएर दोषी ठहर गरेको पाइँदैन। अदालतको अवहेलनासम्बन्धी मुद्दाहरू दुई न्यायाधीशको संयुक्त इजलास, तीन वा पाँच जना न्यायाधीशको पूर्ण इजलास, सात जना न्यायाधीश र नौ जना न्यायाधीशको बृहत् पूर्ण इजलास समेतबाट कारबाही र किनारा भएका छन्।

विगतमा परेका विभिन्न अदालतको अवहेलनासम्बन्धी मुद्दामा फरक-फरक सजाय निर्धारण गरिएको पाइन्छ। कर्णशमशेर राणाविरुद्ध प्रकाश वस्ती भएको अदालतको अवहेलना मुद्दामा सर्वोच्च अदालतले अवहेलनाजन्य ठहर गरी लेखकलाई पाँच रुपैयाँ जरिबानाको फैसला सुनाएको थियो। थीरप्रसाद पोखरेलविरुद्ध विमर्श प्रालिका सम्पादक हरिहर विरहीको मुद्दामा सात दिन कैद र पाँच सय रुपैयाँ जरिबाना गरेको पाइएको छ। त्यसैगरी गोविन्द घिमिरेविरुद्ध सिधाकुरा डटकमको मुद्दामा पनि कैद सजाय तोकिएको थियो।

विशेष अदालतले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्नेछ र अवहेलना गरेको ठहर भएमा पाँच हजार रुपैयाँसम्म जरिबाना र ६ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्ने कानुनी व्यवस्था छ। तर विशेष अदालतलाई सन्तोष हुने गरी आरोपीले क्षमायाचना गरेमा विशेष अदालतले निजलाई क्षमा गर्न वा सजाय तोकिसकेको भए सो सजाय माफ गर्न, घटाउन वा विशेष अदालतले तोकेको सर्तमा ६ महिनासम्म मुलतबी राखी सो सर्तको पालना भएमा सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्ने व्यवस्था छ।

गत वैशाख ३१ गते विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट र सदस्यहरूसहितको सात जनाको बृहत् पूर्ण इजलासले दृष्टि मिडिया प्राइभेट लिमिटेडबाट अदालतको अवहेलनाजन्य कार्य भएको ठहर गऱ्यो। तर, बयानका क्रममा क्षमायाचना गरेको र अनलाइन संस्करणमा खण्डनसमेत प्रकाशन गरेको उल्लेख गर्दै अदालतको अवहेलनामा सजाय नगरी क्षमा दिने ठहर गऱ्यो।

अदालतको अवहेलनामा अदालतले सर्वसाधारणदेखि लेखक तथा सञ्चारमाध्यमलाई दोषी ठहर गरेका धेरै उदाहरण छन्। तर, राजनीतिक दलका नेताका अभिव्यक्तिलाई लिएर दोषी ठहर गरेको पाइँदैन।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश बलराम केसीका अनुसार, पाकिस्तानको सर्वोच्च अदालतले प्रधानमन्त्री युसुफ राजा गिलानीलाई अदालतको अवहेलनाविरुद्ध सजाय गरेको र पद नै गुमाउनु परेको बताउँछन्। पूर्वन्यायाधीश केसी भन्छन्, 'अदालतको अवहेलनामा फैसला गर्दा निकै विचार गर्नुपर्छ। तर दायर भएका मुद्दा वर्षौंसम्म विचाराधीन अवस्थामा राखिराख्नु हुँदैन।'

न्यायाधीश संख्याको तुलनामा मुद्दाको चाप बढी हुनु र फरक प्रकृतिका महत्त्वपूर्ण रिटले प्राथमिकता पाउँदा अदालतको अवहेलनाका मुद्दाको सुनुवाइमा पालो ढिलो आउने र छिटो टुंगो नलाग्ने समस्या छ।

अर्जुनप्रसाद कोइराला,
प्रवक्ता, सर्वोच्च अदालत

न्यायाधीशहरूले अदालतको अवहेलनामा फैसला गर्दा निकै विचार गर्नुपर्छ। तर, दायर भएका मुद्दा वर्षौंसम्म विचाराधीन अवस्थामा राखिराख्नु हुँदैन।

बलराम केसी,
पूर्वन्यायाधीश, सर्वोच्च अदालत

आजको राशिफल

ज्यो. पं. मुकेश काफ्ले

मेष
आर्थिक पक्षमा सुधार आउने संकेत छ। नयाँ अवसरलाई सही ढंगले उपयोग गर्नुहोस्।
शुभ रंग: रातो
शुभ अंक: ९

मिथुन
आज कामको व्यस्तताका कारण शरीरमा थकान महसुस हुन सक्छ। बोलीमा संयम अपनाउनुहोस्।
शुभ रंग: हरियो
शुभ अंक: ५

सिंह
महत्वपूर्ण काममा सफलता मिल्ने योग छ। वरिष्ठ तथा प्रभावशाली व्यक्तिबाट सहयोग प्राप्त हुन सक्छ।
शुभ रंग: रातो
शुभ अंक: १

तुला
कठिनभन्दा कठिन काम पनि सहज रूपमा पूरा हुन सक्छ। नयाँ अवसर प्राप्त हुने सम्भावना छ।
शुभ रंग: सेतो
शुभ अंक: ६

धनु
यात्राको योग रहेको छ। आत्मविश्वास बढ्नेछ, जसले कठिन कामलाई समेत सहज बनाउनेछ।
शुभ रंग: पहेँलो
शुभ अंक: ३

कुम्भ
घरमा कुनै शुभ वा मंगल कार्य हुन सक्छ। नयाँ काम वा व्यापार सुरु गर्नका लागि दिन अनुकूल रहनेछ।
शुभ रंग: नीलो
शुभ अंक: ४

वृष
रोकिएका कामहरू क्रमश: अघि बढ्नेछन्। आफन्त तथा परिवारबाट राम्रो सहयोग प्राप्त हुनेछ।
शुभ रंग: सेतो
शुभ अंक: ६

कर्कट
व्यापार-व्यवसायमा लाभ मिल्न सक्छ। नयाँ व्यापार सुरु गर्न चाहनेहरूका लागि पनि दिन अनुकूल छ।
शुभ रंग: सेतो
शुभ अंक: २

कन्या
तपाईंले गरेको मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ। घर-परिवारमा खुसीको वातावरण सिर्जना गर्नेछ।
शुभ रंग: हरियो
शुभ अंक: ५

वृश्चिक
आर्थिक लाभको सम्भावना छ। पुराना समस्या समाधान हुँदै जानेछन् र मनमा राहत मिल्नेछ।
शुभ रंग: गाढा रातो
शुभ अंक: ९

मकर
कार्यालय तथा घरमा जिम्मेवारी बढ्न सक्छ। जिम्मेवारी बढे पनि काममा सफलता मिल्नेछ।
शुभ रंग: नीलो
शुभ अंक: ८

मीन
पुराना तथा रोकिएका कामहरू पूरा हुनेछन्। आर्थिक तथा पारिवारिक पक्ष सकारात्मक रहनेछ।
शुभ रंग: पहेँलो
शुभ अंक: ७

रेडक्रसको गोदाम घर खरिदमा २ करोडको भ्रष्टाचार

पूर्वअध्यक्ष थापासहित ५ जना पक्राउ

सुरेन्द्र काफ्ले | *काठमाडौं*

नेपाल रेडक्रस सोसाइटीको भक्तपुरस्थित गोदाम घर खरिदमा झन्डै २ करोडको भ्रष्टाचार भएको छ। विचौलियाको प्रयोग गरी रेडक्रसका तत्कालीन अध्यक्ष संजीव थापासहितको मिलोमतोमा १ करोड ९३ लाख ७५० रुपैयाँ ठगी गरेको पाइएको छ। थापाको कार्यकालमा २०७३ सालमा भक्तपुर नगरपालिका-४ (क) मा ५ रोपनी १३ आना ३ पैसा क्षेत्रफलको जग्गा खरिद गर्ने सम्झौता गरिएको थियो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी)ले गरेको अनुसन्धानमा त्यो गोदाम घर सञ्चालन गर्न जग्गा खरिदका लागि कुल ६ करोड ३२ लाख ८१ हजार २५० रुपैयाँ भुक्तानी गरिएको थियो। तर, बोलपत्रको सर्त विपरित बिचौलिया (मध्यस्थकर्ता) मार्फत जग्गा खरिद गरी १ करोड ९३ लाख ७५० रुपैयाँ बिचौलियाले नै खाएको अनुसन्धानमा पाइएको छ।

नापी कार्यालय भक्तपुरबाट जग्गा नापजाँच गराउँदा कागजातमा उल्लेख भएभन्दा कम जग्गा पाइएको थियो। ५ रोपनी ६ आना २ पैसा १ दाम मात्र क्षेत्रफल भेटिएको छ। जबकी ५ रोपनी १३ आना ३ पैसा जग्गा खरिद गर्ने सम्झौता भएर रकम भुक्तानी भएको थियो।

मानवीय सेवामा समर्पित हुनुपर्ने संस्थाका पदाधिकारी र कर्मचारीहरूले नै पदको दुरुपयोग गरी रेडक्रसलाई आर्थिक हानी पुऱ्याएको कारण

पूर्वअध्यक्ष थापासहित पदाधिकारीहरू पक्राउ गरेको सीआइबीका प्रवक्ता अनुपमशमशेर जबराले जानकारी दिए। पूर्वअध्यक्ष थापा, पूर्वकार्यकारी निर्देशक उमेशप्रसाद ढकालसहितका पक्राउ परेका छन्। राजेश देशमरु, मदन कृष्ण फोजु, र इन्द्रबहादुर केसी पनि पक्राउ परेका छन्। देशमरु बिचौलया हुन् भने फोजु रेडक्रसको खरिद शाखा प्रमुख भएर १८ विताएका कर्मचारी हुन्। त्यस्तै, केसी आर्थिक विभागका निर्देशक हुन्।

रेडक्रसको केन्द्रीय गोदाम घर बनाउन भक्तपुरमा जग्गा खरिद गर्दा भएको अनियमितामा संलग्न भएको आरोपमा उनीहरूलाई पक्राउ परिएको सीआईबीले जनाएको छ। भक्तपुर जिल्ला अदालतबाट अनुमति लिई उनीहरूलाई पक्राउ गरिएको सीआईबीले जनाएको छ।

केन्द्रीय रक्त सञ्चार केन्द्र तथा भूकम्प प्रतिकार्य कार्यक्रममा विभिन्न जिल्लामा निर्माण गरिएको अस्पताल र विद्यालयमा अनियमितता गरेको उनीहरूमाथि आरोप छ। संजीव थापाले रेडक्रसमा १ दशकभन्दा बढी नेतृत्व गरे। २०६४ वैशाखदेखि २०७७ साउनसम्म नै रेडक्रसको अध्यक्ष थापा नै थिए। अर्थिक अनियमितताले थलिएर भ्रष्टाचारको दलदलमा फसेपछि तत्कालीन अध्यक्ष थापाको कार्यसमिति भंग गरेर २०७७ साउन १२ मा नेत्रप्रसाद तिम्सिनाको नेतृत्वमा तत्कालीन नेकपाको सरकार (ओली सरकार)को तदर्थ समिति बनाएको थियो।

तदर्थसमिति पनि पटक-पटक भंग हुँदै पुन गठन हुँदै गइरहेका छन्। अहिलेसम्म तदर्थ समितिबाट रेडक्रस चलिरहेको छ। विदेशी दाताले दिएको अनुदानको दुरुपयोग, काठमाडौंको प्रदर्शनी मार्गस्थित केन्द्रीय रक्तसञ्चार भवन निर्माण ठेक्का लगाउँदा, खानेपानी एवं स्वास्थ्य भवन परियोजना वितरण एवं स्वीकृत गर्दा व्यापक अनियमितता र भ्रष्टाचार भएको दर्जनौं प्रतिवेदनले देखाएको छ। धेरै अध्ययन प्रतिवेदनले रेडक्रस भ्रष्टाचारको अखडा भएको देखाएका छन्।

७७ वटै जिल्लामा रेडक्रसका शाखा छन्। जिल्ला शाखाहरूले १ हजार ५ सय ८ भन्दा बढी उपशाखा, ५ हजार ४ सय १० जुनियर र ८ सय ६५ युवा रेडक्रस सर्कलहरू र तिनीहरूअन्तर्गतको सहयोग समितिहरूबाट सेवा प्रदान गर्दै आएको छ।

नेपाल रेडक्रसले २ आँखा अस्पताल, विस्तारित आँखा हेरचाह केन्द्रहरू, ११७ रक्त सञ्चार सेवा केन्द्रहरू, २७२ एम्बुलेन्स सेवा स्टेसनहरू र १२ गोदामहरूबाट सेवाहरू प्रदान गर्दै आएको छ।

अवैधानिक बाटोबाट वैदेशिक रोजगारमा जानेको उद्धार जटिल : परराष्ट्रमन्त्री

अन्नपूर्ण | *काठमाडौं*

विदेशमा अलपत्र नेपाली नागरिकको उद्धार, राहत तथा घरफिर्तीका लागि सरकारले चालु आर्थिक वर्षमा १५ करोड रुपैयाँ विनियोजन गरेको छ। उक्त बजेट सञ्चालनका लागि परराष्ट्र मन्त्रालयले तयार गरेको कार्यविधि हाल अर्थ मन्त्रालयको स्वीकृतिको प्रतीक्षामा छ।

धादिङका सन्तोष राईको कम्बोडियामा उपचारका क्रममा मृत्यु भएको र शव नेपाल ल्याउन ढिलाइ भएको विषयमा सांसद आशिका तामाङले संसद्मा उठाएको प्रश्नको जवाफ दिँदै परराष्ट्रमन्त्री शिशिर खनालले मंगलबार प्रतिनिधिसभामा सो जानकारी दिएका हुन्। मन्त्री खनालका अनुसार परराष्ट्रले साउन २९ गते नै कार्यविधि अर्थ मन्त्रालयमा पठाइसकेको छ।

'कार्यविधि बनाउन हामीले अल्छी गरेर वा गर्न नचाहेर ढिलाइ भएको होइन। यो गम्भीर विषय भएकाले रकम कहाँ र कुन अवस्थामा प्रयोग गर्ने भन्ने विषयमा अत्यन्त गम्भीरतापूर्वक सोच्नुपर्ने अवस्था थियो,' परराष्ट्रमन्त्री खनालले भने।

प्रस्तावित कार्यविधिमा प्रतिव्यक्ति अधिकतम १२ लाख रुपैयाँसम्म खर्च गर्न सकिने सीमा तय गरिएको छ। सन्तोष राईको शव ल्याउन र अस्पतालको बक्यौता तिर्न करिब एक हजार अमेरिकी डलर लाग्ने जानकारी प्राप्त भएको मन्त्री खनालले बताए।

वैधानिक रूपमा श्रम स्वीकृति लिएर जाने नागरिकको हकमा वैदेशिक रोजगार विभागको बिमामार्फत उद्धार सहज हुने भए पनि अवैधानिक बाटोबाट जानेका लागि कानुनी र आर्थिक जटिलता रहेको मन्त्री खनालको भनाइ छ। उनले भने,

'नेपालबाट वैधानिक बाटो, विशेषगरी श्रम स्वीकृति लिएर विदेश जाने नेपाली नागरिकको हकमा वैदेशिक रोजगार विभागमार्फत बिमा हुन्छ। त्यसैमार्फत शव फिर्ती तथा अन्य राहत र उद्धारको प्रक्रिया सहज ढंगले गर्न सक्छौं। तर, अवैधानिक बाटोबाट विदेश जानुभएका नेपाली नागरिकको उद्धार प्रक्रिया अत्यन्त जटिल रहेको छ।'

राज्यको दायित्व नागरिकको रक्षासँगै सार्वजनिक रकमको सही सदुपयोग गर्नु पनि भएको उनले स्पष्ट पारे। उनको भनाइ छ, 'सरकारको दुईवटा प्रमुख दायित्व हुन्छ, एउटा आफ्नो नागरिकको संरक्षण गर्नु र अर्को करदाताले कानुनी रूपमा तिरेको रकमको सही ठाउँमा प्रयोग गर्नु। मानवीय दृष्टिले उद्धार गर्नुपर्ने अवस्था हुन्छ, तर वैध रूपमा आर्जन भएको सार्वजनिक रकम अवैधानिक क्रियाकलापलाई प्रोत्साहित गर्ने गरी प्रयोग हुन्छ कि हुँदैन भन्ने विषयमा पनि गम्भीर हुनुपर्छ।'

पछिल्लो चार महिनामा १६० नेपालीको शव नेपाल ल्याइएको छ भने कम्बोडियाका स्क्याम सेन्टरबाट ८ सय ६० नेपालीको उद्धार गरिएको जानकारी मन्त्री खनालले दिए।

दुर्गा प्रसाईं समूहसँग सरकारको वार्ता

काठमाडौं (अन्नपूर्ण): दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान, नेपाल र नेपाल सरकारबीच औपचारिक वार्ता सुरु भएको छ।

महाअभियानले अघि सारेका विभिन्न मागहरूको समाधान खोज्न सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा दुवै पक्षबीच छलफल प्रारम्भ भएको हो। नेपाल सरकारले वार्ताका लागि सहसचिव लीलाधर सुवेदीको संयोजकत्वमा गृह मन्त्रालयका सहसचिव आनन्द काफ्ले, अर्थ मन्त्रालयका सहसचिव महेश आचार्य र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिव डिलाराम पन्थी सम्मिलित वार्ता टोली गठन गरेको थियो। सरकारको आह्वानपछि महाअभियानका संयोजक दुर्गा प्रसाईंले पनि विष्णु बोहरा क्षेत्रीको संयोजकत्वमा ९ सदस्यीय वार्ता टोली गठन गरी पठाएपछि मंगलबारदेखि औपचारिक रूपमा संवाद प्रक्रिया अघि बढेको हो।

रास्वपाले बोलायो केन्द्रीय समिति बैठक

काठमाडौं (अन्नपूर्ण): राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले केन्द्रीय समितिको बैठक आह्वान गरेको छ। भदौ ५ गते शुक्रबारका लागि बैठक बोलाएको रास्वपा महामन्त्री विपीनकुमार आचार्यले जानकारी दिए। बैठक वनस्थलीस्थित पार्टी कार्यालयमा बिहान ११ बजे बस्ने रास्वपाको केन्द्रीय सचिवालयले जनाएको छ। आचार्यका अनुसार केन्द्रीय समितिमा पदाधिकारी मनोनीत गर्नेलगायत एजेन्डामा छलफल हुनेछ।

त्यस्तै, स्थानीय निर्वाचनका लागि उम्मेदवार छनोट रूपरेखा २०८३ अनुमोदन गर्ने, राइट टु रिकलसम्बन्धी दस्तावेज निर्माण गर्ने, सांगठनिक व्यवस्थापन, आगामी योजनालगायत विषयमा छलफल हुने महामन्त्री आचार्यले बताए।

सचिवालय सदस्य, विभागीय प्रमुख र स्थानीय निर्वाचनका लागि छनोट समितिसमेत मनोनीत गरिने रास्वपाले केन्द्रीय सचिवालयले जनाएको छ।

कांग्रेसको १५औं केन्द्रीय महाधिवेशनको कार्यतालिका सार्वजनिक

काठमाडौं (अन्नपूर्ण): नेपाली कांग्रेसले अगामी असोज १६ देखि १९ गतेसम्म १५ औं महाधिवेशन गर्ने निर्णय गरेको छ। साउन २४ देखि भदौ १ गतेसम्म बसेको केन्द्रीय कार्यसमितिको बैकले यस्तो निर्णय गरेको हो।

विज्ञप्ति जारी गर्दै कांग्रेसले महाधिवेशनको निर्वाचन कार्यतालिका समेत सार्वजनिक गरेको छ। जसअनुसार भदौ २ देखि १० गतेसम्म काठमाडौं उपत्यका र उपत्यका बाहिर निर्वाचन प्रतिनिधिलाई केन्द्रीय निर्वाचन समितिले अभिमुखीकरण तालिकम प्रदान गर्नेछ।

भदौ ११ गते निर्वाचन अधिकृतलाई जिल्लामा खटाउने, १५ गते वडामा निर्वाचन प्रतिनिधि खटाउने, १६ देखि २० गतेसम्म वडामा अभिमुखीकरण प्रदान गर्ने र भदौ मसान्तभित्र सम्पन्न हुँन बाँकी नेपाली जनसर्म्पक समितिको अधिवेशन गर्ने कार्यतालिका छ। भदौ २४ गते वडा अधिवेशन गरेर क्षेत्रिय प्रतिनिधि चयन गरिने छ। यस्तै, भदौ २७ गते गाउँ तथा नगर अधिवेशन र भदौ ३१ गते प्रदेशसभा क्षेत्रीय अधिवेशन गरिने छ।

असोज ३ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र क्षेत्र भएका जिल्लाको जिल्ला अधिवेशनबाट महाधिवेशन प्रतिनिधि चयन र

कार्यसमिति निर्वाचन गर्ने कार्यतालिका छन्। यसैगरी असोज ७ गते जिल्ला अधिवेशन, १० गते प्रदेश अधिवेशन र १६, १७, १८ र १९ गते केन्द्रीय महाधिवेशन हुनेछ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

तपसिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८३/०५/०३)

तपसिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडि बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र. सं.	ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण
१.	**ऋणी : मुकेश फर्निचर उद्योग (अधिविकर्ष कर्जा)**, प्रा.फा.नं. ८०००/२०६१/०६२, दर्ता मिति : २०६२/०२/२५, दर्ता कार्यालय : घरेलु तथा साना उद्योग, ठेगाना : इटहरी १, सुनसरी, **ऋण प्रवाह गर्ने शाखा : इटहरी** **प्रोप्राईटर/जमानीकर्ताहरु :** **१. मुना कोईराला-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. २३६७८/२५६७८, मिति २०५१/०७/११ मा जि.प्र.का. सुनसरीबाट जारी भएको), बाबु : यज्ञ प्रसाद थपलिया, पति : गणेश प्रसाद कोईराला, ससुरा : मेघ नाथ कोईराला **२. गणेश प्रसाद कोईराला-जमानीकर्ता** (ना.प्र.नं. १०१२२/६४८ (क), मिति २०४२/०२/२० मा जि.प्र.का. सुनसरीबाट जारी भएको) बाबु : मेघ नाथ कोईराला, बाजे : अरक लाल कोईराला
२.	**ऋणी : जब्बार मियाँ (धितो कर्जा),** (ना.प्र.नं. ०६२०३५६/२२३५६, मिति २०५०/१२/०३ मा जि.प्र.का. सुनसरीबाट जारी भएको) ठेगाना : जल्पापुर ५, सुनसरी, बाबु : सबदुल मियाँ, बाजे : रौदी मियाँ **ऋण प्रवाह गर्ने शाखा : इटहरी** **जमानीकर्ताहरु :** **१. वि.वि. ऐसा मिया-जमानीकर्ता** (ना.प्र.नं. ९क५०३/१५४७, मिति २०४५/०१/१४ मा जि.प्र.का. सुनसरीबाट जारी भएको) बाबु : हफिद मिया, पति : जब्बार मियाँ, ससुरा : सबदुल मियाँ **२. फेजल मंसुरी-जमानीकर्ता** (ना.प्र.नं. ०६३०३९/१४३, मिति २०७०/०१/३१ मा जि.प्र.का. सुनसरीबाट जारी भएको), बाबु : जब्बार मियाँ, बाजे : सबदुल मियाँ **३. हदिस मन्सुरी-जमानीकर्ता** (ना.प्र.नं. ०६-०१-६९-१११०९, मिति २०६९/११/०१ मा जि.प्र.का. सुनसरीबाट जारी भएको) बाबु : जब्बार मियाँ, बाजे : सबदुल मियाँ
३.	**ऋणी : विष्णु पुरी/भागीरथ पुरी (विविध कर्जा)** ठेगाना : रत्ननगर ५, चितवन, हाल रत्ननगर ८, चितवन **क) विष्णु पुरी** (ना.प्र.नं.१५०९, मिति २०५६/०३/३१ मा जि.प्र.का. चितवनबाट जारी भएको), बाबु : भागीरथ पुरी, बाजे : बसन्त पुरी **ख) भागीरथ पुरी** (ना.प्र.नं. १७६५, मिति २०४४/१२/०४ मा जि.प्र.का. चितवनबाट जारी भएको), बाबु : बसन्त पुरी, बाजे : भिमराज पुरी **जमानीकर्ताहरु :** **१. लक्ष्मी ओली-जमानीकर्ता** (ना.प्र.नं. २२६२/०६३, मिति २०६३/०३/२५ जि.प्र.का. चितवनबाट जारी भएको), पति : विष्णु पुरी, ससुरा : भागीरथ पुरी **२. डिल कुमारी पुरी-जमानीकर्ता** (ना.प्र.नं. १७६६, मिति २०४४/१२/०४ जि.प्र.का. चितवनबाट जारी भएको), पति : भागीरथ पुरी, ससुरा : बसन्त पुरी

क्र. सं.	ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण
४.	**ऋणी : लविज एण्ड ब्रायन फेशन प्रा.लि. (चालुपूँजी कर्जा)** दर्ता नं. १७०५३६/७३/०७४, दर्ता मिति : २०७४/०३/२१ दर्ता कार्यालय : कम्पनी रजिष्टारको कार्यालय ठेगाना : का.म.न.पा. ११, काठमाडौं, **ऋण प्रवाह गर्ने शाखा : नारायणगढ** **शेयरधनी/जमानीकर्ताहरु :** **१. विष्णु पुरी-शेयरधनी/जमानीकर्ता** (ना.प्र.नं. १५०९, मिति २०५६/०३/३१ मा जि.प्र.का. चितवनबाट जारी भएको), बाबु : भागीरथ पुरी, बाजे : बसन्त पुरी **२. भागीरथ पुरी-जमानीकर्ता** (ना.प्र.नं. १७६५, मिति २०४४/१२/०४ मा जि.प्र.का. चितवनबाट जारी भएको), बाबु : बसन्त पुरी, बाजे : भिमराज पुरी **३. लक्ष्मी ओली-जमानीकर्ता** (ना.प्र.नं. २२६२/०६३, मिति २०६३/०३/२५ जि.प्र.का. चितवनबाट जारी भएको), पति : विष्णु पुरी, ससुरा : भागीरथ पुरी **४. डिल कुमारी पुरी-जमानीकर्ता** (ना.प्र.नं. १७६६, मिति २०४४/१२/०४ जि.प्र.का. चितवनबाट जारी भएको), पति : भागीरथ पुरी, ससुरा : बसन्त पुरी
५.	**ऋणी : अमृत इन्टरनेशनल (चालुपूँजी कर्जा),** प्रा.फ.र.नं. ६४२/०६५/०६६, दर्ता मिति : २०६५/०८/०९, दर्ता कार्यालय : नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग ठेगाना : भ.म.न.पा. १०, भरतपुर चितवन, हाल : गैडाकोट २, नवलपरासी **प्रोप्राईटर/जमानीकर्ताहरु :** **१. अमृत श्रेष्ठ-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ४६३८७, मिति २०५५/०४/०६ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) बाबु : डिल्ली कुमार श्रेष्ठ, बाजे : टिका प्रसाद श्रेष्ठ **२. मालती श्रेष्ठ-जमानीकर्ता** (ना.प्र.नं. ८३४१९, मिति : २०६२/०७/२७ मा जि.प्र.का. नवलपरासीबाट जारी भएको) पति : अमृत श्रेष्ठ, ससुरा : डिल्ली कुमार श्रेष्ठ **३. देव लक्ष्मी श्रेष्ठ-जमानीकर्ता** (ना.प्र.नं. ३४, मिति : २०४६/०१/३० मा जि.प्र.का. पाल्पाबाट जारी भएको) पति : डिल्ली कुमार श्रेष्ठ, ससुरा : टिका प्रसाद श्रेष्ठ
६.	**ऋणी : बाघखोर कृषि तथा पशुपंक्षी फार्म (विविध कर्जा)** उद्योग दर्ता नं. १५९८/०७७/०७८, दर्ता मिति : २०७७/११/१७ दर्ता कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, ठेगाना : मध्यबिन्दु ५, नवलपरासी **प्रोप्राईटर/जमानीकर्ताहरु :** **१. माया महतो-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ३६-२२९२३, मिति २०५८/०६/०७ मा नवलपरासीबाट जारी भएको) पति : खेम बहादुर महतो, ससुरा : मोतिराम महतो **२. खेम बहादुर महतो-जमानीकर्ता** (ना.प्र.नं. ३६४३६, मिति २०५३/०१/२४ मा नवलपरासीबाट जारी भएको), बाबु : मोतिराम महतो, बाजे : विकाराम महतो

सम्पादकीय

संघले बुझ्नुपर्ने संघीयताको मर्म

संघीयता लागू गर्दा 'गाउँगाउँमा सिंहदरबार' भन्ने नारा खुबै घन्किएको हो। अर्थात्, सिंहदरबारको अधिकार गाउँपालिकाहरूसम्म पुग्यो भनिएको हो। साविक गाउँ विकास समितिको तुलनामा स्थानीय तह निकै शक्तिशाली र अधिकारसम्पन्न मान्नैपर्छ। स्थानीय तहलाई स्थानीय सरकारकै मान्यता जो छ! कानुन बनाउने अधिकार पनि छ र ठूलो मात्राको बजेट पनि अहिले गाउँगाउँसम्म पुगेको छ। नेपालको संविधानको मर्म नै गाउँसम्मै सरकार पुऱ्याउने भन्ने हो। छुन सकिने र देख्न सकिने जनताका लागि त्यही स्थानीय सरकार हो, घरआँगनको सरकार पनि त्यही हो। संविधानमा संघीयताको व्यवस्था गरे तापनि हाम्रा सरकारहरू, शीर्ष दल तथा तिनका नेताहरूमा भने एकात्मक सोच र मनोभाव बाँकी नै रह्यो। फन् कर्मचारीतन्त्र त जब्बर छ, एकात्मक राज्य प्रणालीकै सोच र व्यवहार प्रदर्शन गर्छ। अधिकतम कर्मचारी न आफू व्यक्तिगत रूपमा स्थानीय र प्रदेश सरकारको जिम्मेवारीमा जान चाहन्छन्, न अधिकार नै पुऱ्याउन खोज्छन्। मुठी कसेरै सबैथोक संघमै बाँधिराख्छन्। त्यसैले गाउँका सरकारहरूले प्रशासनिक र वित्तीय दु:खका पहाडहरूको सामना गरिरहनुपरेको छ।

गाउँघरका बाटोघाटो, पानीपँधेरो र कुलोकुलेसाका माग लिएर आज नागरिकले सिंहदरबार धाउनुपरेको छैन। शिक्षा, स्वास्थ्यदेखि बाटो, पानी र बिजुलीका समस्याको सम्बोधन स्थानीय सरकारले नै गरिरहेका छन्। तर संघ सरकारले बजेट बनाउँदा गाउँका सरकारलाई दिए हुने बराबरका बजेट पनि आफैंले हाल्छ र संघीयताको हुर्मत लिन्छ। बेथिति पनि उस्तै होलान् र कमजोरी पनि! तर गाउँ र नगरपालिकाहरूले गरेका असल अभ्यासहरूको सूची पनि कम्ती छैन। विपद् र महामारीका बेला पहिलो उद्धारक स्थानीय सरकार नै हुने गरेको छ, जसबाटै नागरिकले सरकार र राज्यको अनुभूति गर्न पाएका छन्। संघले भने यसको मर्म पटक्कै बुझ्न चाहेकै छैन, स्थानीय सरकारका प्रतिनिधिहरूको अनुभवले त्यही भन्छ। साना बजेट आफैंले हाल्नेदेखि दिएको बजेट पनि अन्तिम समयमा आएर कटौती गर्ने संघको अर्घेल्याइँबाट स्थानीय सरकार आजित छन्। अनि ससर्त अनुदानको बजेट पठाएर आकार ठूलो देखाइदिने, तर त्यसबाट स्थानीय सरकारले आफूले चाहेको केही गर्न नपाउने अवस्था छ। असमानता हटाउने दर्शन बोकेको समानीकरण अनुदानमै संघले कैंची चलाएर त्यसको मर्म भाँचेको छ।

वन, नदी र भू-उपयोगमा अधिकारको रेखा धमिलो छ। प्राकृतिक स्रोतमा संविधानले दिएको अधिकारअनुसार पनि पालिकाहरूले काम गर्न र राजस्व आम्दानी गर्न पाएका छैनन्। संघले प्रस्ट कानुन बनाएर गाउँलाई अधिकार दिन कन्जुस्याइँ जो गरिरहेको छ! स्विट्जरल्यान्डमा स्थानीय सरकारहरूलाई कर असुली र आन्तरिक व्यवस्थापनमा व्यापक स्वायत्तता दिइएको छ, त्यसैले त्यहाँको संघीयताको असल अभ्यास सबैका लागि पाठ बनेको छ। अधिकार पनि दिने र जवाफदेही पनि बनाउने हो भने गाउँका सिंहदरबारबाटै संघीयताको असली स्वाद नागरिकले पाउँछन्। हात-खुट्टा बाँधिएका पालिकाहरूबाट भने अपेक्षा गर्न सकिन्न। संघले संविधानको मर्मअनुसार सहकार्य र सहअस्तित्वको संघीयतालाई बलियो बनाउन स्थानीय सरकाररूपी जरालाई थप मलजल गर्नैपर्छ।

संविधान संशोधनमा संवेदनशीलता

संविधान असंशोधनीय, अकाट्य र स्थिर हुनुहुँदैन। संविधान संशोधन भनेको संविधानको चलायमानता हो।

विष्णु लुइटेल

अग्रमत

नेपालको संवैधानिक इतिहासको विकासक्रमलाई अध्ययन गर्दा अस्थिर प्रकृतिको देखिन्छ। २००४ देखि २०७२ सालसम्म ६८ वर्षको अन्तरालमा नेपालमा सातवटा संविधानको घोषणा भयो। जसको प्रयोग र अनुभव पनि गरियो। प्रयोगमा रहेको यो सातौं संविधान २०७२ असोज ३ गते संविधानसभाबाट जारी भई लागू भएको 'नेपालको संविधान' हो। संविधान यति छोटो-छोटो समयमा परिवर्तन र विस्थापित हुनु त्यस देशको राज्यव्यवस्था अस्थिर र कमजोर छ भन्ने बुझिन्छ।

यद्यपि कुनै पनि लिखित संविधान भएको देशमा संविधानलाई सो देशको मूल कानुन भनिन्छ। यसको तात्पर्य संविधान मूल वा मुख्य कानुन हुन्छ र यससँग बाझिएको हदसम्म बाझिएको कानुन अमान्य र बदर हुन्छ। नेपालको संविधान २०७२ को धारा १ मा यो उल्लेख छ। यो संवैधानिक सर्वोच्चताको घोषणा हो र यसमाथि आम नागरिकको लिखित प्रतिबद्धता पनि हो। यसैलाई संविधानवाद भनिन्छ, ताकि संविधानभन्दा माथि कोही पनि हुन नसकोस्। संविधानसभाको निर्वाचन पटक-पटक वा आवधिक रूपमा गर्ने वा हुने विषय होइन। यो त एक युगमा एक पटक सार्वभौमसत्ता सम्पन्न जनताको अभिमतबाट गठन भई स्थापना भएको संविधानसभाबाट निर्माण भएको संविधान हो।

त्यसैले नेपालमा प्रयोग भएका विगतका संविधानभन्दा यो (२०७२) विशेष महत्त्वको छ। यसर्थ यसलाई संशोधन गर्दा अत्यन्त सावधानी अपनाउनुपर्छ। वर्तमान संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा परिभाषित गरेको छ। नेपालको सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको घोषणा गरेको छ। संविधानले मानव अधिकार, विधिको शासन, शक्तिको विभाजन र सन्तुलन, स्वतन्त्र न्यायपालिका, समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता तथा समाजवादउन्मुख राज्यव्यवस्थालाई संवैधानिक मान्यता दिएको छ। संविधान जारी हुनु नेपालको राजनीतिक इतिहासको ऐतिहासिक उपलब्धि भए पनि यसको निर्माण प्रक्रियाप्रति सबै पक्ष सन्तुष्ट थिएनन्।

विशेषत: मधेसकेन्द्रित दल, केही जनजातीय समुदाय तथा संघीय सीमांकनसम्बन्धी असन्तुष्ट पक्षहरूले संविधानमा संशोधन आवश्यक रहेको माग उठाए। त्यसैले संविधान जारी भएको केही समयमै संशोधनको बहस राष्ट्रिय राजनीतिमा प्रमुख विषय बन्यो। तथापि संविधान प्रयोगको एक दशक बितिसकेको छ। यसबीचमा संविधान जारी हुँदा असन्तुष्ट रहेका केही पक्षले संविधानको प्रयोगलाई आत्मसात् गरिसकेकाले अबका दिनमा यसै संविधानलाई कसरी थप मजबुत, विकासमुखी र जनप्रेमी बनाउन सकिन्छ भन्ने अभिप्रायले संविधान संशोधनको विषय उठेको हो। संविधान देशको मूल कानुन भएकाले यसलाई अत्यन्त गम्भीर एवं होसियारीका साथ चलाउनुपर्दछ।

संसारको सबैभन्दा ठूलो संविधान भनेर चिनिने भारतको संविधान (१९५०) सन् २०२५ सम्म आइपुग्दा १ सय ३० पटक संशोधन भएको छ, यस अर्थमा भारतको संविधान लचिलो भई संशोधन गर्न सहज र सरल पाइन्छ। अमेरिकाको संविधान बनेको आजसम्म २ सय ३७ वर्षको इतिहासमा जम्मा २७ पटक मात्र संशोधन भएको छ। यसरी हेर्दा अमेरिकाको संविधान संशोधनको प्रक्रिया जटिल तथा कठोर पाइन्छ। कुनै पनि देशको मूल कानुनका रूपमा रहेको संविधान संशोधनको प्रक्रिया र तरिका फरक-फरक हुन्छन्। यो सामान्य कानुन निर्माण र संशोधनको विषयजस्तो सरल र सहज नभएर संविधान संशोधनको विषय जटिल र पेचिलो नै हुन्छ।

संविधान संशोधन कसरी गर्ने ? : संविधान असंशोधनीय, अकाट्य र स्थिर हुनु हुँदैन। किनभने समय-सन्दर्भ, देशकाल-परिस्थिति, आन्तरिक तथा बाह्य राजनीतिमा आएको फेरबदल एवं विज्ञान-प्रविधिको विकासले मानव समाजमा परेका अनेकन प्रभावका कारण संविधान संशोधनको आवश्यकता पर्दछ। कुनै पनि देशको संविधान कठिन र विशेष राजनीतिक परिस्थितिबाट जन्मेको हुन्छ। यो कानुनी-राजनीतिक सहमतिको दस्तावेज हो। यो समयानुकूल संशोधन र परिमार्जन हुने विषय हो। विभिन्न देशका संविधान संशोधन गर्ने आआफ्नै तरिका हुन्छन्, जो संविधानमै उल्लेखित हुन्छन्। संविधान संशोधन भनेको संविधानको चलायमानता हो। संविधानले नै व्यवस्था गरेको निश्चित तरिका अपनाई संविधान संशोधनको माध्यमबाट निष्प्राण संविधानलाई प्राण भर्ने काम गरिन्छ। यसको अर्थ राष्ट्रिय आवश्यकता र जनचाहनाअनुसार संविधानको संशोधन गरी तत्कालीन समस्याको समाधान गरिन्छ। नेपालको संविधान २०७२ अनुसार संविधान संशोधन दुई तरिकाले गर्न सकिन्छ :-

क) संसदीय प्रक्रियाबाट संविधान संशोधन : नेपालको संविधानको धारा २७४ मा संविधान संशोधनसम्बन्धी व्यवस्था छ। अन्तरिम संविधान २०६३ को धारा १४८ मा पनि संविधान संशोधनको व्यवस्था गरिएको थियो। त्यस संविधानमा कुनै आधारभूत संरचनाको व्यवस्था र अपरिवर्तनीय प्रावधानको व्यवस्था गरिएको थिएन। त्यसभन्दा पहिलेको संविधान २०४७ को धारा ११६ मा संविधान संशोधनको व्यवस्था गरिएको थियो, जसअनुसार संविधानको प्रस्तावनाको व्यवस्था, आशय र भावनाविपरीत नहुने गरी मात्र संविधान संशोधन गर्न सकिने उल्लेख थियो। यो संवैधानिक अपरिवर्तनीय व्यवस्था हो। उक्त संवैधानिक व्यवस्थाअनुसार संविधान संशोधनका लागि तयार भएको संविधान संशोधनको विधेयक दुवै सदनको छुट्टाछुट्टै बैठकको दुई-तिहाइ बहुमतले प्रस्ताव पारित गरेर अन्तिम अनुमोदनका लागि राष्ट्रप्रमुखका रूपमा रहेका राजासमक्ष पेस गरिन्थ्यो।

यसरी राजासमक्ष पेस भएको विधेयक ३० दिनभित्र अनुमोदन स्वीकृत वा अस्वीकृत भएमा सन्देशसहित उत्पत्ति भएको सदनमा फिर्ता पठाउने र उक्त संविधान संशोधन विधेयकमा आवश्यक परिमार्जन गरी वा पूर्व रूपमै पुन: स्वीकृतिका लागि राजासमक्ष पेस गरेपछि ३० दिनभित्र राजाबाट स्वीकृति भएपछि संविधान संशोधन हुने व्यवस्था पाइन्छ। अर्थात्, त्यसअघिको २०४७ सालको नेपालको पाँचौं संविधानमा पनि संशोधन गर्दा केही निश्चित मापदण्ड र कार्यविधि पाइन्छ। त्यसअघि जारी भएका संविधानहरूमा संशोधनसम्बन्धी

> संविधान संशोधन गर्दा नेपाली जनताले गरेको दशकौं लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त उपलब्धिहरूको संरक्षण र प्रवर्धनमा अत्यन्त ठूलो सावधानी अपनाउनुपर्दछ।

खासै व्यवस्था पाइँदैन। किनभने पञ्चायती संविधान राजाको शाही घोषणामार्फत जारी हुने हुनाले संविधान संशोधन पनि शाही इच्छा र घोषणामार्फत नै हुन्थ्यो। त्यसताका संविधान संशोधनको विषय त्यति पेचिलो, जटिल र चर्चाको विषय हुँदैनथ्यो।

नेपालको संविधान २०७२ को धारा २७४ मा संविधान संशोधनको विषय राखिएको छ, जसअनुसार संघीय संसद्को कुनै पनि सदनमा संविधान संशोधन विधेयक दर्ता गर्न सकिन्छ। विधेयक पारित हुन प्रतिनिधिसभा र राष्ट्रियसभाका तत्काल कायम रहेका कुल सदस्य संख्याको कम्तीमा दुई-तिहाइ बहुमत आवश्यक हुन्छ। यदि त्यस्तो संशोधनले कुनै प्रदेशको सीमाना, नाम वा अधिकारमा हेरफेर गर्ने विषय समेटेको छ भने सम्बन्धित प्रदेशसभाको सहमति पनि आवश्यक हुन्छ। यस व्यवस्थाले संविधान संशोधनलाई सामान्य कानुन संशोधनभन्दा फरक र अलिक जटिल प्रकृतिको प्रक्रिया बनाएको छ। यसको उद्देश्य संविधानको स्थायित्वका लागि आधारभूत संरचनालाई कायम राख्दै आवश्यक परिवर्तनका लागि सजग रही संशोधनको लोकतान्त्रिक मार्ग खुला राख्नु हो। संविधानको कुनै पनि धारालाई संशोधन गर्नका लागि तयार भएको विधेयक संघीय संसद्को कुनै पनि सदनमा पेस गर्न सकिन्छ।

यसरी सदनमा पेस भएको विधेयक ३० दिनभित्र सर्वसाधारण जनताको जानकारीका लागि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्छ। तर त्यस्तो विधेयक कुनै प्रदेशको सीमाना, प्रदेशको अधिकारसँग सम्बन्धित भएमा संघीय सदनमा पेस भएको ३० दिनभित्र सम्बन्धित सदनको सभामुख वा अध्यक्षले सहमतिका लागि सम्बन्धित प्रदेशसभामा पठाउनु पर्दछ। यसरी संघीय संसद्बाट प्राप्त हुन आएको विधेयक सम्बन्धित प्रदेशसभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरूको बहुमतबाट स्वीकृत वा अस्वीकृत गरी त्यसको जानकारी संघीय संसद्मा पठाउनुपर्छ। तर कुनै प्रदेशसभा कायम नरहेको अवस्थामा त्यस्तो प्रदेशसभा गठन भई त्यसको पहिलो बैठक बसेको तीन महिनाभित्र विधेयक स्वीकृत वा अस्वीकृत गरी विधेयक उत्पत्ति भएको संघीय संसद्मा फिर्ता पठाउनुपर्छ। सो समयभित्र पनि प्रदेशसभाले त्यस्तो विधेयक उत्पत्ति भएको सदनमा नपठाएमा संघीय संसद्ले आफ्नो काम-कारबाही अगाडि बढाउनेछ।

यदि त्यस्तो विधेयक उक्त अवधिभित्र बहुसंख्यक प्रदेशसभाले अस्वीकृत गरेको सूचना संघीय संसद्को सम्बन्धित सदनलाई दिएमा त्यस्तो विधेयक निष्क्रिय हुने संवैधानिक व्यवस्था छ। त्यसरी प्रदेशसभाको सहमति आवश्यक नपर्ने वा प्रदेशसभाबाट स्वीकृत भई आएको विधेयक संघीय संसद्का दुवै सदनमा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई-तिहाइ बहुमतबाट पारित भएमा त्यस्तो विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेस गर्नुपर्दछ। यसरी राष्ट्रपतिसमक्ष पेस भएको विधेयक १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछन् र विधेयक पारित भई संविधान संशोधन भई सोही मितिदेखि लागू हुनेछ। यसरी नेपालको वर्तमान संविधानमा संविधान संशोधन गर्न सकिने व्यवस्था रहेको छ। यस अर्थमा हेर्दा नेपालको संविधान संशोधन प्रक्रिया कठिन नभई लचिलो प्रकृतिको रहेको पाइन्छ।

ख) जनमत संग्रहको माध्यमबाट संविधान संशोधन : अर्कातिर संविधान संशोधन जनमत संग्रहको माध्यमबाट पनि गर्न सकिन्छ। बहुदलीय, संवैधानिक, प्रजातान्त्रिक, संसदीय व्यवस्था अपनाएको देश नेपालको संविधान २०७२ को धारा २७५ मा जनमत संग्रहसम्बन्धी व्यवस्था गरिएको छ। जसअनुसार राष्ट्रिय महत्त्वको कुनै पनि विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संघीय संसद्मा तत्काल कायम रहेका सम्पूर्ण सदस्य संख्याको दुई-तिहाइ सदस्यको बहुमतबाट निर्णय भएमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ भन्ने संवैधानिक व्यवस्था छ।

यसरी जनमत संग्रह गर्दा नेपाली राजनीतिक वृत्तमा उठेका महत्त्वपूर्ण र जनअनुमोदनबाट निरूपण हुनुपर्ने विषयहरू जस्तै: सनातन हिन्दु धर्म सापेक्ष वा धर्मनिरपेक्ष राज्य, सांस्कृतिक राजसंस्थासहितको गणतन्त्रात्मक राज्यव्यवस्था वा राजसंस्थाबिनाको अहिलेको जस्तै गणतान्त्रिक व्यवस्था, संघीयता वा परिमार्जित संघीय व्यवस्था लगायतका अन्य राष्ट्रिय महत्त्वका विषयहरूमा जनमत संग्रह गरी सोको माध्यमबाट पनि संविधान संशोधन गर्न सकिन्छ। जनमत संग्रहको माध्यमबाट संविधानमा संशोधन गर्ने विषय नेपालको संविधान २०७२ मा मात्र होइन, यस्तो संवैधानिक व्यवस्था संसारका अन्य देशमा पनि पाइन्छ। संविधान संशोधन गर्दा जनमत संग्रहलाई अनिवार्य आवश्यक ठान्ने देशहरूमा स्विट्जरल्यान्ड, डेनमार्क, अस्ट्रेलिया, आयरल्यान्ड, उरुग्वेलगायतका देश पर्छन्, जहाँ संविधान संशोधनको अन्तिम अनुमोदन जनमत संग्रहको माध्यमबाट गरिन्छ।

त्यस्तै, केही देश भने केही विशेष अवस्थामा मात्र जनमत संग्रहको माध्यमबाट राष्ट्रिय महत्त्वको कुनै पनि विषयमा निर्णय लिन्छन्। त्यस्ता देशहरूमा इटाली, फ्रान्स, दक्षिण कोरिया, फिलिपिन्स, ताइवान, अस्ट्रिया, अल्बानिया, नेपाललगायत छन्। केही विशेष अवस्था भन्नाले संविधान संशोधन गर्दा केही विशेष राष्ट्रिय महत्त्वका विषयमा सांसदबीच कुरा नमिली दुई-तिहाइ कायम हुन नसकी जनमत संग्रहको माध्यमबाट निर्णय लिन आवश्यक छ भन्ने संघीय संसद्का दुई-तिहाइ सदस्यलाई लागेमा त्यस्तो विषयमा जनमत संग्रहको माध्यमबाट निर्णय लिई विवादको निरूपण गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ।

यसरी संविधान २०७२ को धारा २७४ र २७५ लाई सँगै राखेर हेर्दा संविधानको मूलभूत संरचनामा असर नपर्ने गरी संविधान संशोधन गर्ने विषय र तरिका बुझ्न सकिन्छ। नेपाली जनताको अभिमत प्राप्त गरी प्रजातान्त्रिक माध्यमबाट निर्वाचित संविधानसभाका सदस्यहरूको अत्यधिक बहुमतबाट पारित संविधानमा संशोधन गर्दा बृहत्तर जनताको चाहना र राष्ट्रिय हितको जगेर्ना गर्न जनमत संग्रहको पनि उत्तिकै महत्त्व छ। संविधान संशोधन गर्दा नेपाली जनताले गरेको दशकौं लामो संघर्ष, त्याग र बलिदानबाट प्राप्त उपलब्धिहरूको संरक्षण र प्रवर्धनमा अत्यन्त ठूलो सावधानी अपनाउनु पर्दछ।

बाँकी क्रमश: अर्को साता ।

लुइटेल, वरिष्ठ अधिवक्ता हुन् ।

बंगलादेशी मोडलको लघुवित्तका चुनौती

रिसव गौतम

नेपालमा गरिब तथा निम्न आय वर्गलाई लक्षित गर्दै वित्तीय सेवाको विस्तार गर्ने प्रयासको सुरुवात सन् १९५० को दशकमा सहकारीमार्फत भएको हो। तर नेपालमा आधुनिक लघुवित्तको विकास भने प्राध्यापक मुहम्मद युनुसले बंगलादेशमा ग्रामीण बैंकमार्फत सानो कर्जा प्रवाह गर्ने मोडलबाट प्रभावित भएर भएको हो। सन् १९८६ मा नेपाल राष्ट्र बैंकका तत्कालीन वरिष्ठ अधिकारी डा. हरिहरदेव पन्तले बंगलादेशस्थित ग्रामीण बैंकको भ्रमण गरेपछि नेपालमा पनि त्यस्तै अवधारणा लागू गरियो।

फलस्वरूप सन् १९९१ मा निर्धन उत्थान लघुवित्त स्थापना भयो र बंगलादेशी मोडलमा सेवा सुरु गऱ्यो। यसरी नेपालमा सहकारीबाट सुरु भएको गरिबमुखी वित्तीय सेवा क्रमश: संस्थागत हुँदै आधुनिक लघुवित्त प्रणालीका रूपमा विस्तार हुँदै गयो। र, कुनै समय नेपालमा एक सयभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरू जन्मिए। नेपाल राष्ट्र बैंकले २०७४ पछि थालेको मर्जर तथा पुँजीवृद्धिको नीतिपछि अहिले लघुवित्त वित्तीय संस्थाहरूको संख्या ५१ वटामा झरेको छ। यही महिनामा पनि सामुदायिक लघुवित्त वित्तीय संस्था र सञ्जीवनी लघुवित्त वित्तीय संस्थाबीच तथा महिला लघुवित्त र फर्स्ट माइक्रोफाइनान्सबीच गरी चारवटा संस्था मर्जरमा जाने सहमति गरेका छन्। त्यसले सो संख्या अझै घट्ने देखिन्छ।

बंगलादेशी मोडलमा गाउँगाउँमा वित्तीय कार्यक्रम थालेका नेपालका लघुवित्तहरूले गरिबी घटाउन कति योगदान दिए, त्यसको एकिन हिसाब छैन। तर बंगलादेशमा लघुवित्त कार्यक्रमले दुई करोडभन्दा बढी मानिसलाई गरिबीबाट बाहिर ल्याउन सघाएको अध्ययनहरूले देखाएका छन्। यसरी नेपालमा ग्रामीण भेगमा आय-आर्जनको गतिविधि बढाउन सहयोग पुगोस्, गरिबी निवारणमै टेवा पुगोस् भन्ने हिसाबले लघुवित्त कार्यक्रमहरू थालिए। राष्ट्र बैंकमात्रै होइन गैरसरकारी संस्थाहरू, अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू जस्तै विश्व बैंक, एडीबी, आईएमएफ लगायतका संघ-संस्थाहरू तथा अन्य दातृ निकायसमेतले लघुवित्तहरूलाई सहुलियत दरको ऋण दिएर, लगानी गरेर सहयोग गर्दै आएका छन्।

खासगरी गरिब तथा निमुखा, साना किसान वर्गका मानिसहरूको आर्थिक रूपान्तरणमा सो पैसा परिचालन गरेर टेवा पुऱ्याऊन् भन्नका खातिर लघुवित्तहरूलाई सबैको सहयोग रहेको देखिन्छ। वाणिज्य तथा विकास बैंकहरूले राष्ट्र बैंकले अनिवार्य गरेका लघु तथा साना कर्जाहरूसमेत लघुवित्तहरूसँगको सहकार्यमा लगानी गर्दै आइरहेका छन्। तर नेपालका लघुवित्त संस्थाहरू आफ्ना उद्देश्यभन्दा पर गइरहेका छन् भन्ने आरोप केही वर्षयता लागिरहेका छन्। वास्तवमा त्यसो हुनु दु:खदायी हो। किनभने नेपालमा अहिले पनि जनसंख्याको २०.२७ प्रतिशत अर्थात् ६२ लाख ६६ हजार मानिस गरिब छन्।

कुल जनसंख्याको ३३.८३ प्रतिशतभन्दा बढी जनता ग्रामीण भेगमै बस्छन्। ग्रामीण भेगमा बस्नेहरूको गरिबीको दर उच्च छ। खासगरी त्यही वर्गको रूपान्तरणका खातिर लघुवित्त कार्यक्रमहरू सुरु गरिएका हुन्। लघुवित्त कार्यक्रमहरूले ऋण प्रवाह गर्नेमात्र नभएर ग्रामीण भेगहरूमा वित्तीय साक्षरता र उद्यमशीलता अभिवृद्धिमा सघाएका छन्। त्यसकारण ग्रामीण जनताको आर्थिक रूपान्तरणका लागि लघुवित्त कार्यक्रमहरू उपयोगी छन्। तर विषय यत्ति हो कि पछिल्ला वर्षहरूमा लघुवित्त क्षेत्रमा विकृति झाँगिएका हुन्। त्यसलाई नियन्त्रण गरेर, लघुवित्त क्षेत्रलाई थप प्रभावकारी, जनमुखी, गरिब तथा न्यून आय वर्गमुखी बनाउन जरुरी छ। त्यसमा राष्ट्र बैंकको महत्त्वपूर्ण भूमिका रहन्छ।

> नेपालमा बढीजसो ठगिने, सबैतिरबाट शोषण र अन्यायमा पर्ने वर्ग भनेको ग्रामीण गरिब, किसान, दलित, मजदुर, अल्पसंख्यक र महिलाहरू नै हुन्। राष्ट्रियस्तरका बैंकहरूले त्यो वर्गलाई सजिलै ऋण पत्याउँदैनन्।

खासगरी पछिल्ला वर्षहरूमा लघुवित्तहरू पनि निजी क्षेत्रका वाणिज्य बैंकहरू झैं अधिक नाफामुखी भएका, उच्च ब्याजदरमा लालायित भएर कर्जा प्रवाह गरेका, ऋणीहरूलाई अनेक तरहका दु:ख दिएका, ऋण उठाउने नाममा ऋणीहरूको मानमर्दन गरेका र उठिबाससमेत लगाएका, कतिपयले दिएका प्रताडनाका कारण आत्महत्या नै गर्नु परेका विडम्बनापूर्ण समाचार आउने गरेका छन्। केही वर्षयता त्यो खालका प्रताडना र दु:खकष्ट भोगेका लघुवित्तका ऋणीहरूले आन्दोलनसमेत गर्दै आएका छन्। भलै ती आन्दोलनहरूमा विभिन्न राजनीतिक रंगका स्वार्थ समूहहरूले प्रयोग गरेको देखिन्छ। लघुवित्तका ऋणीहरूले ऋण नै तिर्नुपर्दैन, मिनाहा गरिन्छ वा हुन्छ भनेर कतिपयले उचाले पनि। तर ऋण लिएपछि त्यो तिर्ने पर्दैन भन्नु कदापि न्यायपूर्ण होइन। किनकि कुनै पनि लघुवित्त वा वित्तीय संस्थाहरूबाट प्रवाह हुने ऋण कुनै अर्को नागरिकले खाइनखाई जम्मा गरेको निक्षेपकै रकमबाट हो।

त्यसकारण लघुवित्तका वास्तविक समस्याहरू हल हुनुपर्छ, तर स्वार्थ समूहबाट प्रभावित अनधिकृत मागहरू खारेज हुनुपर्छ। नेपालको हकमा लघुवित्तहरूबाट ऋण लिनेहरू ९० प्रतिशत महिला छन्। करिब ६५ लाख सदस्यहरूलाई सेवा दिँदै आएका यी संस्थाहरूले ग्रामीण क्षेत्रमा महिला उद्यमशीलता अभिवृद्धि गर्न महत्त्वपूर्ण योगदान दिएकै हुन्। महिलाहरूको ससानो प्रयासले धेरैको घरआँगनमा समृद्धिको उज्यालो छरेको छ। त्यसमा लघुवित्त कार्यक्रमहरूको योगदान छ। नेपालमा ठूला बैंक, विकास बैंकहरूले ससाना स्तरका कर्जा दिन त्यति नचाहेकाले र कर्जा लिने प्रक्रिया झन्झटिला तथा अनेक व्यवधान भएकाले पनि न्यून आय भएका गरिब, किसान, मजदुरका लागि लघुवित्त कार्यक्रम अझै महत्त्वपूर्ण छ। तर यस क्षेत्रमा भएका कतिपय विकृति-विसंगति हल हुनुपर्छ। लघुवित्तहरू उद्देश्यमा बफादार, गरिबमुखी एवं अनुशासित हुनुपर्छ।

त्यस्तै लघुवित्तबाट कर्जा लिएकाहरू पनि त्यत्तिकै इमानदार भएर कर्जाको सदुपयोग गर्न जरुरी छ। दुवै पक्षबाट इमानदारी भयो भने यो कार्यक्रम नेपालको हकमा वरदान हुनेछ। किनकि नेपालमा सरकारी तथ्यांकअनुसार नै ६२ लाख ६६ हजार मानिस निरपेक्ष गरिबीमा छन्। अझ सापेक्षिक गरिबीको कुरा गर्दा एक करोड मानिस अभावमै जीवन जिइरहेका छन्। तिनीहरूलाई गरिबीबाट उठाउन लघुवित्त कार्यक्रम नै उपयुक्त मोडल हो। किनकि ठूला वित्तीय संस्थाहरूले सानाहरूलाई हेरेको अक्सर देखिँदैन; हेरे पनि नियामक निकायको करकापमा हेरेजस्तो मात्र गर्छन्। त्यसकारण गरिब तथा न्यून आय वर्गको उत्थानका लागि आफ्नै स्तरका लघुवित्त वित्तीय संस्थाहरू बढी प्रभावकारी हुन्छन्। त्यसैले पनि ग्रामीण क्षेत्रका मानिसहरूले लघुवित्त कार्यक्रम आफ्नो लागि हो भनेर बुझ्नुपर्छ।

लघुवित्तहरूका कमजोरीहरूलाई उचित नियमन गर्न नसक्नु राष्ट्र बैंकको कमजोरी देखिन्छ। नेपालका सबैजसो वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीहरूले लघुवित्त वित्तीय संस्थाहरूमा लगानी गरेको देखिन्छ। २०७८ सालमा राष्ट्र बैंकले १० प्रतिशतभन्दा बढी ऋस होल्डिङ (दोहोरो लगानी) भएका लघुवित्त वित्तीय संस्थाहरूलाई एकआपसमा गाभिन निर्देशन दिएसँगै लघुवित्तहरू फोर्स मर्जरमा गएका हुन्। यसरी फरक उद्देश्य र पृष्ठभूमिहित स्थापना भएका लघुवित्त र नाफा आर्जनका लागि खोलिएका बैंकहरू एकै ठाउँमा पुग्दा पनि लघुवित्तहरू बढी नाफामुखी भएका हुन्। पछिल्लो तथ्यांकअनुसार कृषिसँग प्रत्यक्ष जोडिएकामध्ये ६५ लाख नेपालीसँग लघुवित्त पुगेको छ। लघुवित्तमार्फत कृषकलाई सहुलियत ऋण दिन सकिए मात्रै पनि कृषि क्षेत्र अगाडि बढ्न सक्थ्यो। तर लघुवित्तहरू नै गरिब र किसानप्रति अनुदार हुँदै गए भने गरिबी निवारण र कृषि उत्पादनमा धक्का पुग्न सक्छ।

विडम्बना, सरकारकै अर्थमन्त्री स्वर्णिम वाग्लेले समेत सहकारी र लघुवित्तलाई एकै डालोमा हालेर अभिव्यक्ति दिइरहेका छन्। उनले सहकारी र लघुवित्तको उद्देश्य, कार्यप्रणाली र अवस्था नबुझेका होइनन्। साना र गरिबीमुखी संस्थाहरूलाई अन्डरमाइन्ड गर्ने उनको स्वभाव देखिन्छ। तर सहकारी र लघुवित्त एकै हुँदै होइनन्। उद्देश्यमा केही समानता होला, तर मोडलमा व्यापक फरक छ। यदि राष्ट्र बैंकले लघुवित्तहरूलाई प्रभावकारी नियमन गरेको हुन्थ्यो भने लघुवित्त पीडितहरू यो विघ्न हुने थिएनन्। लघुवित्तका पीडितहरूले संघर्ष समिति नै बनाएर केही वर्षयतादेखि आन्दोलनमा उत्रिँदै आएका छन्। सरकार वार्ता गर्ने, सहमति गर्ने र त्यसको उचित पालना नगर्ने अनि फेरि आन्दोलन हुने क्रम रोकिएको छैन। हालै अर्थमन्त्री डा. वाग्लेले पनि लघुवित्त पीडितहरूसँग पाँचबुँदे सहमति गरे। त्यसको कसरी कार्यान्वयन हुन्छ वा हुँदैन, त्यो हेर्न बाँकी छ।

वास्तवमा भन्ने हो भने नेपालमा बढीजसो ठगिने, सबैतिरबाट शोषण र अन्यायमा पर्ने वर्ग भनेको ग्रामीण गरिब, किसान, दलित, मजदुर, अल्पसंख्यक र महिलाहरू नै हुन्। राष्ट्रियस्तरका बैंकहरूले त्यो वर्गलाई सजिलै ऋण पत्याउँदैनन्। राष्ट्र बैंकले अनिवार्य गरेका कृषि तथा लघु कर्जा पनि वाणिज्य बैंकहरूले लगानी गर्दैनन्, बरु हर्जना तिरिरहेका देखिन्छन्। त्यसकारण लघुवित्त संस्थाहरूलाई व्यवस्थित गर्नु, यिनीहरूलाई आफ्ना उद्देश्यप्रति बफादार बनाउनु र ग्रामीण भेगका मानिसहरूको आर्थिक स्तर उन्नतिका लागि सहयोगी बनाउनु आजको आवश्यकता हो। गरिब, महिला, किसान, गाउँलेहरूले बिनाधितो अलिअलि भए पनि ऋण पाउने लघुवित्तहरूलाई बलियो बनाउनु आजको आवश्यकता हो।

कतै उपचार केन्द्र छैन, कतै एन्टिभेनम

शिवप्रसाद ढुंगाना | *काठमाडौं*

पहाडमा सर्पदंश

पहाडी जिल्लामा सर्पदंशका घटना बढिरहेका छन्, तर विषालु सर्पले टोकेका बिरामीको तत्काल उपचार गर्ने सुविधा भने अझै उपलब्ध छैन। सर्पले टोकेपछि स्थानीय स्वास्थ्य संस्थामा प्राथमिक उपचारसमेत नपाउने र विरोधी औषधि (एन्टिभेनम) भएका केन्द्रसम्म घण्टौं लगाएर पुग्नुपर्ने बाध्यताले बिरामीको ज्यान जोखिममा पर्ने गरेको छ।

खोटाङमा सर्पदंशका बिरामीको संख्या पछिल्ला वर्ष निरन्तर बढेको जिल्ला अस्पतालको अभिलेखले देखाएको छ। जिल्ला अस्पतालका अनुसार आर्थिक वर्ष २०८०/८१ मा २८ जना सर्पदंशका बिरामी अस्पताल आएका थिए। आव २०८१/८२ मा यो संख्या बढेर ३१ पुग्यो। गत आर्थिक वर्ष २०८२/८३ मा भने २१ महिला र १८ पुरुष गरी ३९ जना सर्पदंशका बिरामी जिल्ला अस्पताल पुगे। तर जिल्ला अस्पतालमा सर्पदंशको उपचार केन्द्र छैन।

पछिल्लो समय पहाडी क्षेत्रमा समेत राजगोमनजस्ता विषालु सर्प देखिन थालेपछि जोखिम झन् बढेको अस्पताल व्यवस्थापन समितिले जनाएको छ। जिल्लामै सर्पदंश उपचार केन्द्र आवश्यक रहेको स्थानीयको माग छ। सोलुखुम्बुको अवस्था पनि उस्तै देखिएको छ। सोताङ प्राथमिक अस्पतालमा गत वैशाख १ गतेदेखि असार १५ सम्म करिब ३० जना सर्पदंशका बिरामी उपचारका लागि पुगेका थिए। तीमध्ये दुई जनालाई विषालु सर्पले टोकेको थियो। एक जनालाई काठमाडौं र अर्कालाई अर्को जिल्लाको सर्पदंश उपचार केन्द्रमा पठाउनुपरेको थियो। सर्पदंशका बिरामी बढेपछि सोताङ प्राथमिक अस्पतालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखासँग एन्टिभेनम उपलब्ध गराउन माग गरे पनि हालसम्म उपलब्ध भएको छैन।

> स्वास्थ्यकर्मी भन्छन्, ‘एन्टिभेनम कहाँ माग्ने जानकारी छैन’

ओखलढुंगाको जिल्ला अस्पतालमा गत वर्ष मागिएको एन्टिभेनम यस वर्ष सकिएको छ। सर्पले टोकेर आएका बिरामी उदयपुरको कटारी रेफर गरिएको अस्पतालका सूचना अधिकारी राजेश शाहले बताए। उनले भने, ‘गत वर्ष एन्टिभेनम ल्याएको, यस वर्ष सकिएको छ। बिरामी आए कटारी पठाउँछौं कहाँ माग्ने भन्ने हामीलाई जानकारी छैन।’ शाहका अनुसार जिल्ला अस्पतालमा वर्षमा पाँच-छ जना बिरामी आउने गरेका छन्।

पहाडमा सर्पदंशको उपचार अभाव हुँदा बिरामीलाई तराईतर्फका उपचार केन्द्रमा पुर्याउनुपर्ने बाध्यता छ। खोटाङ, सोलुखुम्बु र ओखलढुंगा लगायत जिल्लाका बिरामीलाई उदयपुरको बेलसोत र कटारी क्षेत्रका उपचार केन्द्र तथा सिन्धुलीको दुधौली क्षेत्रका स्वास्थ्य संस्थामा लैजाने गरिएको छ। उदयपुरको कटारी बेलसोतस्थित नेपाली सेनाको ब्यारकलाई सर्पदंश उपचार सेवा दिने स्थानका रूपमा तोकिएको छ। तर उपचार केन्द्रसम्म पुग्न लाग्ने समय नै कतिपय बिरामीका लागि निर्णायक बन्ने गरेको छ।

ओखलढुंगामा गत वर्ष सर्पले टोकेका एक पुरुष बिरामीलाई उपचारका लागि अन्यत्र पठाउँदा बाटोमै मृत्यु भएको थियो। यो घटना दुर्गम पहाडी जिल्लामा स्वास्थ्य सेवाको कमजोर पहुँचको उदाहरण हो। समयमा अस्पताल पुर्‍याउन नसक्दा बिरामीको ज्यान गएको स्थानीय सुशील कार्कीले बताए। पहाडी सडकको दूरी, यातायातको अनिश्चितता र रातको समयमा तत्काल सवारी साधन नपाउने समस्याले रेफरल बिरामीको ज्यान जोखिममा पर्ने गरेको छ।

पहाडी जिल्लामा सर्पदंश बढ्दै जानु जलवायु परिवर्तनसँग पनि जोडिएको विज्ञहरूको भनाइ छ। तापक्रम बढ्दै जाँदा पहिले तराईमा बढी पाइने विषालु सर्प पहाडी तथा हिमाली क्षेत्रमा फैलिन थालेको अनुमान गरिएको छ। सोलुखुम्बुमा सर्पदंशका घटना बढेपछि प्रकाशित अध्ययन र विज्ञहरूको भनाइले पनि तापक्रम वृद्धिसँग यसको सम्भावित सम्बन्ध औंल्याएका छन्।

सरकारले सन् २०३० सम्म सर्पदंशबाट हुने मृत्यु तथा अशक्तता आधा घटाउने राष्ट्रिय लक्ष्य लिए पनि तराईका स्थापित उपचार केन्द्रमा मात्र निर्भर हुनुपर्ने बाध्यता छ। सोलुखुम्बु, खोटाङ, ओखलढुंगाजस्ता पहाडी जिल्लामा बिरामीको संख्या बढिरहेको अवस्थामा कम्तीमा बढी जोखिम भएका स्वास्थ्य संस्थामा एन्टिभेनम, तालिमप्राप्त जनशक्ति, आवश्यक आपत्कालीन उपकरण र तत्काल रेफरलको व्यवस्था हुनुपर्ने स्थानीयको माग छ।

कार्यकर्तालाई दाहालले भने : सडक संघर्षका लागि तयार रहनुस्

संजीप घिमिरे | *काठमाडौं*

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहालले सडक संघर्षका लागि तयार रहन आफ्ना नेता कार्यकर्तालाई निर्देशन दिएका छन्। मंगलबार पार्टीको बागमती प्रदेश समितिको एकता बैठकलाई सम्बोधन गर्दै उनले वर्तमान सरकार जनविरोधी र राष्ट्रिय स्वाधीनताको विपक्षमा देखिएकाले सडकबाट प्रतिवाद गर्नुपर्ने समय आएको बताएका छन्।

संघीयता, धर्म निरपेक्षता, समावेशी र समानुपातिकलगायत परिवर्तनको मुख्य सम्बाहक आफूहरू रहेकाले नेपाली कम्युनिस्ट पार्टी र यसको नेतृत्वलाई घेराबन्दी गर्ने षड्यन्त्र भइरहेकोले सचेत हुनुपर्ने उनको भनाइ छ। ‘प्रतिक्रियावादी जाग्नुअघि नै क्रान्तिकारीहरूले धावा बोल्नुपर्छ’ उनले भने।

देशीविदेशी प्रतिक्रियावादीको उक्साहटमा संविधान उल्ट्याउने दुस्साहस गर्न खोजिएको जिकिर गर्दै उनले संविधान बनाउँदाको सहमतिबाट नभाग्न नेपाली कांग्रेसका दुवै समूहलाई आग्रहसमेत गरे।

मकवानपुर जिप दुर्घटना

कृष्ण सारुमगर | *मकवानपुर*

> उच्च अदालतका रजिष्ट्रारकी श्रीमतीको उपचारका क्रममा मृत्यु

मकवानपुरको भीमफेदी गाउँपालिका-६ जुरीखेतमा मंगलबार बिहान भएको जिप दुर्घटनामा उच्च अदालत वीरगन्जका रजिष्ट्रार तारादत्त बडुकी ४९ वर्षीय श्रीमती लक्ष्मी बडुको मृत्यु भएको छ। बडु परिवार बैतडी दशरथचन्द नगरपालिका-७ का बासिन्दा हुन्।

काठमाडौंबाट वीरगन्जतर्फ जाँदै गरेको प्रदेश ३-०१-००२ झ ५१८३ नम्बरको स्कारपियो मंगलबार बिहान करिब ७:०० बजे अनियन्त्रित भई सडकबाट करिब ५० देखि ६० मिटर तल खोल्सामा खसेको थियो।

दुर्घटनामा उच्च अदालत वीरगन्जका मुख्य न्यायाधीश गोकर्ण डाँगी, गाडी चालक छुनिलाल चौधरी, रजिष्ट्रार तारादत्त बडु, उनकी श्रीमती लक्ष्मी बडु, छोरा रितेन्द्र बडु र दिदी रिता बडु गरी ६ जना घाइते भएका थिए। घाइतेमध्ये ४ जनाको अवस्था गम्भीर भएपछि नेपाली सेनाको हेलिकप्टरमार्फत थप उपचारका लागि सैनिक अस्पताल छाउनी ल्याइएको थियो।

थप उपचारका लागि बिहान १०:०४ बजे छाउनी पुर्‍याइएका घाइतेमध्ये लक्ष्मी बडुको उपचारकै क्रममा बिहान १०:२९ बजे मृत्यु भएको प्रहरीले जनाएको छ।

टाउको तथा शरीरका विभिन्न भागमा गम्भीर चोट लागेकी उनको शव छाउनी अस्पतालमै राखिएको छ।

विद्युत् महसुलमा भ्याट खारेजीको माग गर्दै हस्ताक्षर संकलन

विद्युत् महसुलमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) खारेजीको माग गर्दै उज्यालो नेपाल पार्टीले मंगलबार बाराको सिमरामा सुरु गरेको हस्ताक्षर संकलन अभियानमा सहभागी हुँदै स्थानीय।

● दिवाकर भण्डारी

दिवाकर भण्डारी | *सिमरा*

विद्युत् महसुलमा लगाइएको मूल्य अभिवृद्धि कर (भ्याट) खारेजीको माग गर्दै उज्यालो नेपाल पार्टीले मंगलबार बाराको सिमरामा हस्ताक्षर संकलन अभियान सुरु गरेको छ। सरकारमाथि जनदबाब सिर्जना गर्ने उद्देश्यले नागरिकको हस्ताक्षर संकलन सुरु गरिएको पार्टीले जनाएको छ।

उज्यालो नेपालले विद्युत् महसुलमा कर खारेजीका साथै डेडिकेटेड तथा ट्रंकलाइनको लामो समयदेखि रोकिएको बक्यौता रकम तत्काल असुली गर्न माग गरेको छ। बक्यौता असुलीमा सरकारले आलटाल गरिरहेको आरोप लगाउँदै उज्यालो नेपालले जनताको आवाजलाई एकताबद्ध गरी सरकारलाई जवाफदेही बनाउन अभियान अघि बढाएको स्पष्ट पारेको छ।

विद्युत् केवल राजस्व संकलनको माध्यममात्र नभई उत्पादन, रोजगारी र आर्थिक समृद्धिको मुख्य आधार भएकाले यसमा लगाइएका अनावश्यक करहरू हटाइनुपर्ने पार्टीको तर्क छ। विद्युत्लाई सस्तो, सहज र प्रतिस्पर्धी बनाउन मूल्य अभिवृद्धि कर पूर्णरूपमा खारेज हुनुपर्ने माग अघि सारिएको छ।

सरकारले विद्युत् उपभोगलाई प्रोत्साहन गर्ने नीति लिनुको साटो उल्टै नागरिकमाथि कर थोपर्ने काम गरेको भन्दै उज्यालो नेपालले विरोध जनाएको छ। उज्यालो नेपालले विद्युत्को भ्याट खारेज, डेडिकेटेड तथा ट्रंकलाइन बक्यौता असुली, स्वदेशी बिजुली खपतलाई प्रोत्साहन, इन्डक्सन चुलो वितरण तथा प्रयोगलाई प्रोत्साहन, ग्याँसको आपूर्ति सहज गर्न माग राखेको छ।

हस्ताक्षर संकलन अभियानका क्रममा पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला इन्चार्ज अर्जुन शर्मा, केन्द्रीय सदस्य रोशन अधिकारी, मधेस प्रदेश अध्यक्ष राम सिंह (पराग), जिल्ला सदस्य नवीन लामा, सरिता लामालगायत उपस्थित थिए।

श्रम संस्कृति पार्टीका कार्यकर्ता पक्राउ

अन्नपूर्ण | *सुनसरी*

सुनसरीको धरानमा ट्राफिक प्रहरीमाथि दुर्व्यवहार तथा कुटपिट गरेको आरोपमा श्रम संस्कृति पार्टीका एक कार्यकर्ता पक्राउ परेका छन्। पक्राउ पर्नेमा भोजपुरको ट्याम्के मैयुङ गाउँपालिका घर भई धरान-११ मा बस्दै आएका ३८ वर्षीय सोमप्रसाद राई रहेका छन्। गत साउन ३० गते धरानस्थित माछाभौडीमा ट्राफिक चेकिङका क्रममा ट्राफिक प्रहरीमाथि दुर्व्यवहार तथा कुटपिट गरेको आरोपमा राईलाई इलाका प्रहरी कार्यालय धरानले पक्राउ गरेको छ। ट्राफिक प्रहरी कार्यालय सुनसरीमा कार्यरत प्रहरी सहायक हबल्दार सुवास विश्वकर्माले दिएको उजुरीका आधारमा राईलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

इलाका प्रहरी कार्यालय धरानका डीएसपी भीषणबाबु राईका अनुसार राईलाई पक्राउ गरी अदालतबाट सात दिनको म्याद थप गरेर हिरासतमा राखिएको छ।

तपसिलमा उल्लेखित फोन लोन कर्जाको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतीस) दिने सूचना

प्रकाशित मिति : २०८३/०५/०३ गते

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको विभिन्न शाखा कार्यालयबाट उपभोग गर्नु भएको फोन लोन कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत कर्जाको साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज, लगायतका रकमहरु नतिरी, नबुझाई फोन लोन ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोल फोन लोन ऋणकर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको फोन लोन ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, किस्ता र हर्जाना ब्याज आदि) नबुझाएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, बैंकको नियम, प्रचलित कानून तथा ऋणी र बैंक बीच भएको लिखतको शर्त अनुसार ऋणीहरुको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने र बैंकको सम्पूर्ण लेना रकम असुलीको लागि अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत जानकारी गराउँदछौं।

तपसिल

फोन लोन

क्र.स.	ऋणीको नाम	बाबुको नाम	बाजेको नाम	नागरिकता नं.	जारी मिति	जन्म मिति	जारी जिल्ला	ठेगाना	शाखा कार्यालय
१	आशिष गुरुङ	शंकर गुरुङ	धन बहादुर गुरुङ	३६-०२-७६-०२१५७	२०७६/०२/२९	२०५९/०६/२८	नवलपरासी	नवलपरासी जिल्ला, गैंडाकोट वडा नं. ११	हाकिमचोक
२	अक्षय थापा	माधव थापा मगर	सूर्य विक्रम थापा मगर	०५-०१-६९-०७५८५	२०६९/०९/१२	२०५३/०६/२६	मोरङ	मोरङ जिल्ला, टंकिसिनवारी वडा नं. २	टंकिसिनवारी
३	दिनेश कुमार मल्ल	सोम बहादुर मल्ल	डम्बर बहादुर मल्ल	३८१३०८२८	२०४९/११/२६	२०३१/०१/०७	सप्तरी	सप्तरी जिल्ला, इनरुवा वडा नं. २	सातदोबाटो
४	बब्लु कुमार साह	जोगिन्द्र साह तेली	महावीर साह	१७१०९६/१०३९	२०७०/०२/२८	२०५१/०३/१४	धनुषा	धनुषा जिल्ला, ढल्केबर वडा नं. ५	सिराहा
५	चेत कुँजेडा	नरसिंह कुञ्जेडा	बहादुर सिंह कुञ्जेडा	६८-०१-७३-०२२९२	२०७३/०७/२६	२०५४/०२/१९	डोटी	डोटी जिल्ला, लडागडा वडा नं. ४	कलंकी
६	ललित बुढा	मन्दिरा बुढा	रतिमान बुढा	६०-०१-७२-०१२९३	२०७२/०६/१७	२०५५/०१/०३	जुम्ला	जुम्ला जिल्ला, मालिकाठाँटा वडा नं. ५	बुटवल
७	एलिजा थापा	राम बहादुर थापा	धन ब. थापा	२८-०१-०७०-५२३४	२०७०/१०/०८	२०५१/०९/२०	ललितपुर	ललितपुर जिल्ला, ललितपुर वडा नं. ३	बालुवाटार
८	हरि सेवा	कान्छो दमाई	खयाउतु दमाई	२६-०१-७१-००३९९	२०७१/०१/१५	२०५२/०१/२६	धादिङ	धादिङ जिल्ला, हात्तीगौडा वडा नं. ३२	बालुवाटार
९	राजीव सिम्खडा	राज कुमार सिम्खडा	शम्भु सिम्खडा	२६१/६५९३९	२०७०/०१/०१	२०५३/०६/३०	धादिङ	धादिङ जिल्ला, छत्रेदेउराली वडा नं. ६	बालुवाटार
१०	समीर लामा	भागीमान लामा	सिन्जु लामा	२५-०१-७८-०४७६९	२०७८/०८/१२	२०५७/१२/२७	नुवाकोट	नुवाकोट जिल्ला, म्यागाङ वडा नं. ४	नक्साल
११	सन्तोष कुमार नेपाली	बद्री नेपाली	घत्र बहादुर नेपाली	२०१०५१/१७५	२०६७/०९/०१	२०४९/०३/१३	सिन्धुली	सिन्धुली जिल्ला, कमलामाई वडा नं. १	नक्साल
१२	प्रनिश राज घिमिरे	इन्द्र प्रसाद घिमिरे	लक्ष्मी प्रसाद घिमिरे	०४-०१-७८-०४०९४	२०७८/०६/२०	२०५५/११/१७	झापा	झापा जिल्ला, मेचीनगर वडा नं. ६	लाजिम्पाट
१३	रुपा मगर	लीला बहादुर मगर	शेर बहादुर मगर	२६-०१-७८-०४७५१	२०७८/०७/१०	२०५४/११/०२	धादिङ	धादिङ जिल्ला, गल्छी वडा नं. २	भैरहवा
१४	बम बहादुर लामिछाने	शेर बहादुर लामिछाने बस्नेत	पदम बहादुर बस्नेत	०४-०२-७४-०२३७६	२०७४/१२/१२	२०५७/०८/०१	झापा	झापा जिल्ला, गौरादह वडा नं. ३	बिर्तामोड
१५	लीलानाथ गौतम	लोकहरी गौतम	नन्दी केशर गौतम	१९१०५१/५७७	२०६८/०७/०३	२०४९/०८/११	सर्लाही	सर्लाही जिल्ला, भक्तिपुर वडा नं. ३	भैरहवा
१६	सनिषा राई	योगेन्द्र बहादुर राई	राम बहादुर राई	३१-०१-७८-०५१७७	२०७८/०७/०५	२०६१/०८/१५	मकवानपुर	मकवानपुर जिल्ला, बागमती वडा नं. २	महाराजगञ्ज
१७	सरला गौतम	रमेश्वर गौतमे	एक बहादुर गौतमे	२५-०२-७६-०१००६	२०७६/१०/१४	२०५९/०६/२६	नुवाकोट	नुवाकोट जिल्ला, तादी वडा नं. २	महाराजगञ्ज
१८	कौशल ढुंगाना	केशव ढुङ्गाना	कृष्ण नारायण ढुङ्गाना	०८३००१/१३	२०७०/०२/१३	२०५३/१२/२१	तेह्रथुम	तेह्रथुम जिल्ला, म्याङ्लुङ वडा नं. ७	थापाथली
१९	रुपेश पराजुली	भीम बहादुर पराजुली	टीका बहादुर पराजुली	३०-०१-७१-०५५९८	२०७१/०६/२६	२०५२/१२/०९	काभ्रेपलाञ्चोक	काभ्रेपलाञ्चोक जिल्ला, भुम्लु सल्ले वडा नं. ३	थापाथली
२०	गणेश सापकोटा	दत्त प्रसाद सापकोटा	राम बहादुर सापकोटा	७३११८	२०६२/०५/२२	२०४४/०५/१२	सुर्खेत	सुर्खेत जिल्ला, मटेखानी वडा नं. १	नयाँबजार
२१	नवीन मण्डल	सिकिन्दर मण्डल	बिलास मण्डल	१८-०५-७६-०१६०७	२०७६/०८/२५	२०६०/०२/०१	महोत्तरी	महोत्तरी जिल्ला, बर्दिबास वडा नं. ११	नयाँबजार
२२	बिश्वदिप लामा	प्रचण्ड लामा	आतार बहादुर लामा	२७-०१-७२-१२८१०	२०७२/११/१४	२०५६/०२/०९	काठमाडौं	काठमाडौं जिल्ला, नागार्जुन वडा नं. १	महाराजगञ्ज
२३	रोजिना अधिकारी	दीपक अधिकारी	लीला बहादुर अधिकारी	२५-०१-७९-०६३७८	२०७९/०९/१८	२०६२/०५/१३	नुवाकोट	नुवाकोट जिल्ला, सूर्यगढी वडा नं. २	गोंगबु
२४	विकाश राना मगर	स्वर्गीय गोविन्द बहादुर मगर	जगत बहादुर मगर	३०१०५३/१८४७८०	२०६६/०७/१२	२०४९/०८/१२	काभ्रेपलाञ्चोक	काभ्रे जिल्ला, बाल्यली वडा नं. १	नयाँ बानेश्वर
२५	डेभिड रेग्मी	दीपेन्द्र प्रसाद रेग्मी	श्रीकान्त रेग्मी	२७-११-७४-६१	२०७४/०४/२१	२०५६/०१/११	काठमाडौं	काठमाडौं जिल्ला, गोकर्णेश्वर वडा नं. ६	नयाँ बानेश्वर
२६	मनिता झगड	चम्पा लाल झगड	थैला झगड	०५-०२-७६-०१२३४	२०७६/०२/२१	२०५९/०५/१०	मोरङ	मोरङ जिल्ला, रंगेली वडा नं. ३	टंकिसिनवारी
२७	सबिता थापा	सोमनाथ मगर	शंकर थापा	०६-०६-७६-०१३३९	२०७६/०४/१६	२०५३/०५/२४	सुनसरी	मोरङ जिल्ला, टंकिसिनवारी वडा नं. २	टंकिसिनवारी

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित

काठमाडौंको एक विद्यालयको कक्षा कोठामा मंगलबार विद्यार्थीसँग अन्तर्क्रिया गर्दै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल। ● सीबी अधिकारी

३ वर्षीया बालिकाको हत्या

बलात्कारको आशंका

दिवाकर भण्डारी | *सिमरा*

बाराको जितपुरसिमरा उपमहानगरपालिका-१ स्थित दसधुरे भन्ने स्थानबाट तीन दिनदेखि हराइरहेकी ३ वर्षीया गरिमा चौधरी मंगलबार साँझ मृत फेला परेकी छिन्। जीतपुरसिमरा उपमहानगरपालिका-१ स्थित भक्तीटोलमा रहेको एक घरभित्र बालिका मृत भेटिएकी हुन्।

बालिका फेला परेको उक्त घर ५ महिनादेखि खाली रहेको थियो । उक्त खाली रहेको घरमा बालिकाको शव नग्न अवस्थामा फेला परेको हुँदा बलात्कारपछि हत्या भएको आशंका गरिएको छ । शव भेटिएको घरभित्र बालिकाको भित्रीसहित अन्य लुगासमेत फेला परेको छ।

इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक (डीएसपी) दिलिप क्षेत्रीले बालिकाको लुगा त्यही फेला परेको र शव नग्न अवस्थामा भेटिएकाले बलत्कारपछि हत्या भएको आंशका रहेको बताए। 'बलात्कारपछि हत्या भएको हो कि भन्ने आशंका गर्न सकिन्छ' डिएसपी क्षेत्रीले भने 'शल्यपरीक्षण रिपोर्टले थप पुष्टि गर्छ।'

प्रहरीले बालिकाको शव मुचुल्का प्रक्रिया पूरा गरी शल्यपरीक्षणका लागि अस्पताल पठाएको छ। त्यसअघि वीरगन्जस्थित विपद् व्यवस्थापनमा रहेको तालिम प्राप्त कुकुर ल्याएर प्रहरीले घटनाको अनुसन्धान सुरु गरेको छ। तीनदेखि हराइरहेकी बालिकाको हत्या गरेको अवस्थामा शव फेला परेपछि बाराका प्रहरी उपरीक्षक नरेन्द्र कुँवरसहितको टोली घटनास्थल आइपुगेका थिए।

इलाका प्रहरी कार्यालय सिमराले बालिकाको हत्या भएको निष्कर्ष निकाल्दै प्रहरी निरीक्षक प्रकाश थापालाई अनुसन्धान अधिकृत तोकेर घटनाको अनुसन्धान थालेको छ।

स्थानीय मनोज चौधरी र मनमती चौधरीकी ३ वर्षीया छोरी गरिमा आइतबार बिहान करिब ८:३० बजेदेखि बेखबर थिइन् । बस्तीको बीचबाट अचानक बेपत्ता भएकी बालिकालाई परिवार र प्रहरीले खोजी सुरु गरिरहेको थियो। तीन दिनसम्म अज्ञात रहेकी बालिका करिब डेढ सय मिटर दक्षिणतर्फको घरमा मृत भेटिएकी हुन् । उक्त घरका घरधनी बीरबहादुर रोक्काको परिवार भने हेटौंडामा बस्दै आएका छन्। उक्त घर भाडामा लगाइएपनि पाँच महिनादेखि भने खाली रहेको थियो।

ढोकामा तालासमेत नलगाइएको उक्त घरबाट गन्ध आएपछि स्थानीयले झ्यालबाट हेरेको र बालिकाको शव देखेपछि प्रहरीलाई खबर गरेका हुन्। बालिकाको शव सुन्निएको अवस्था भेटिएको छ भने योनीमा समेत चोट देखिएको छ। शवको प्रकृति हेर्दा घटनास्थलमै बालिकाको बलत्कारपछि हत्या भएको पुष्टि हुने आधार भए पनि शल्यपरिक्षण रिपोर्ट पर्खनुपर्ने प्रहरीको भनाइ छ।

मर्यादित...

उनले सरकारले गुन्डाराजको क्यान्सरमुक्त गर्ने बताइन्। उनले भनिन्, 'यो सरकार देशलाई भ्रष्टाचार, अनियमितता, बेथिति र गुन्डाराजको क्यान्सरबाट मुक्त गर्न चाहन्छ।' उनले थप भनिन्, 'अस्ति भर्खरै एउटा विद्वान् माननीयज्यूले भन्दै हुनुहुन्थ्यो- तपाईंहरूले सक्नुभएन, अब हामी आउँछौं र सरकार चलाउँछौं। अचम्म लाग्यो।' उनले तत्कालीन सरकारले चलाएको गोलीबाट जेन-जीहरू मारिएको स्मरण गराएकी छन्। प्रश्न गरिन्, 'कुन हिम्मतले यहाँ आउँछौं र शासन गर्छौं भनिराख्नुभएको छ?'

विपक्षीलाई गुन्डाको संज्ञा दिएपछि विवाद भएको थियो। सांसद संग्रौलाले धम्कीपूर्ण भाषा बोलेको भन्दै एमाले सांसद साजिदा खातुन सिद्धिकीले प्रतिवाद गरिन्। प्रतिपक्षले आवाज उठाउँदा गुण्डाको संज्ञा दिनु शोभनीय नभएको उनको भनाइ छ।

एमाले सांसद सिद्धिकीले सरकारका गलत क्रियाकलापमा प्रतिपक्षले कहिल्यै समर्थन नगर्ने स्पष्ट पारिन्। उनले सरकारको कार्यशैली र सत्तापक्षका सांसदहरूको व्यवहारप्रति आपत्ति जनाइन्। मुलुकमा व्याप्त भनिएको गुन्डाराजका विषयमा टिप्पणी गर्दै उनले सरकारकै संरक्षणमा त्यस्ता गतिविधिहरू भइरहेको दाबी गरिन्। उनले भनिन्, 'एकातर्फबाट धम्काउने र अर्कोतर्फबाट आफैं मलम लगाउन तयार भएको अभिनय गर्ने कार्य स्वीकार्य छैन। हामी जस्तोसुकै कठिन परिस्थितिको सामना गर्न र बलिदान दिन तयार छौं, तर सरकारका गलत कार्यहरूलाई टुलुटुलु हेरेर समर्थन गर्न सक्दैनौं।'

सिद्धिकीले सुनसरीसहित मधेसमा नवयुवा मारिएको प्रसंग झिक्दै सत्तापक्षका नेताले जेन-जीबारे बोल्दा लाज लाग्नुपर्ने टिप्पणी गरेकी छन्। सांसद खातुनले प्रतिपक्ष दल सधैं देश र जनताको हितमा उभिने प्रतिबद्धता व्यक्त गरिन्। सिद्धिकीले बोल्दै गर्दा संग्रौलाले सिद्धिकीको भनाइमा नियमापत्ति भन्दै पुनः समय माग गरिन्। विपक्षी सांसदहरूले भर्खरै बोलेकी संग्रौलालाई समय नदिन आग्रह गरे। तर, बैठकको अध्यक्षता गरिरहेकी उपसभामुख रुवीकुमारी ठाकुरले नियमापत्ति गर्न मिल्ने भन्दै प्रतिपक्षी सांसदलाई बस्न आग्रह गर्दै संग्रौलालाई समय उपलब्ध गराइन्। फेरि संग्रौलाले तत्कालीन सरकारले केही मानिसलाई इन्काउन्टर गरेको लिस्ट नै देखाइदिने घोषणा गरिन्। 'गुन्डाराज शब्दसँग आपत्ति भएछ भने एउटा कुरा प्रस्टसँग भन्न चाहन्छु, तत्कालीन सरकारले केही मानिसहरूलाई इन्काउन्टर गरेका मानिसहरूको लिस्ट देखाइदिऊँ सभामुख महोदय?', उनले भनिन्।

उपसभामुखले यसरी पुनः समय दिएर सत्तापक्षका सांसदलाई बोल्न दिएको भन्दै विपक्षीहरूले आपत्ति जनाए। केही समय विवाद पनि भयो। विपक्षीको आपत्तिपछि पुनः उपसभामुख ठाकुरले एमाले सांसद रिगला यादवलाई समय दिइन्। सांसद यादवले नियमापत्ति गर्न दिएकामा आपत्ति जनाइन्। त्यसपछि उपसभामुखले एउटै कुरा बारम्बार नदोहोऱ्याउन आग्रह गरिन्। यादवले गुन्डा र अराजक शब्द प्रयोग गरेकोमा आपत्ति जनाइन्। उनले भनिन्, 'अहिलेको सरकारले कति गुन्डा पालेको छ, उहाँलाई थाहा छ कि छैन?'

केही दिनअघि मिनी संसदका रूपमा रहेको संसदीय समितिमा सांसद खगेन्द्र सुनारले पूर्व गृहमन्त्री र पूर्वप्रहरी प्रमुखको हुर्मत लिने काम गरेका छन्। पछिल्लो समय प्रतिनिधिसभा र संसदीय समितिहरूमा पनि गैरसंसदीय क्रियाकलाप हाबी भएका छन्, जसले संसदीय मूल्यमान्यतामाथि नै प्रश्नचिह्न खडा गरेको छ।

एकातिर सरकारले सदनलाई बिजनेस दिन नसक्दा सांसदहरूमा नै संसदीय व्यवस्थाप्रति वितृष्णा बढ्दै आएको छ भने नीति निर्माणभन्दा सांसदहरू स्टन्ट गर्नमा उद्यत छन्। थाहा पाएर अथवा थाहा नपाएर सांसदहरू आफ्नो भूमिका नै बिर्सिरहेका छन्। अर्कातिर सांसदहरूका असंसदीय क्रियाकलापले पनि व्यवस्थामाथि वितृष्णा फैलाउनेहरूलाई बल मिल्दै गएको छ।

एआईले दक्षिण कोरियाली युवाको रोजगारी जोखिममा

सोल (सिन्हा): आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को तीव्र विस्तारसँगै दक्षिण कोरियामा युवाहरूका रोजगारीका अवसरमा गम्भीर जोखिम देखिएको केन्द्रीय बैंकको एक प्रतिवेदनले जनाएको छ। पछिल्ला ४ वर्षमा युवाको रोजगारी दुई लाख ८५ हजारले घटेकामा ९४ प्रतिशत अर्थात् २ लाख ६८ हजार रोजगारी एआईको उच्च जोखिम भएका क्षेत्रमा गुमेको पाइएको छ।

राष्ट्रिय पेन्सन सेवा (एनपीएस) का ग्राहक अभिलेख तथा आर्थिक रूपमा सक्रिय जनसंख्यासम्बन्धी सर्वेक्षणका आधारमा तयार गरिएको बैंक अफ कोरिया (बीओके) को प्रतिवेदनले एआईको उच्च जोखिम भएका उद्योगमा युवाको रोजगारी घट्ने क्रम जारी रहेको जनाएको छ।

प्रतिवेदनअनुसार पछिल्ला चार वर्षमा सूचना सेवामा युवाको रोजगारी ३१.४ प्रतिशतले घटेको छ। यसैगरी प्रकाशन क्षेत्रमा २७.४ प्रतिशत, कम्प्युटर प्रोग्रामिङमा १६.६ प्रतिशत र व्यावसायिक सेवामा ११.६ प्रतिशतले युवा रोजगारी घटेको पाइएको छ।

युवाका लागि रोजगारीका अवसर खुम्चिँदै गए पनि सोही उद्योगमा ५० वर्ष उमेर समूहका कामदारको रोजगारी भने बढेको प्रतिवेदनले जनाएको छ। यसले एआईको विस्तारसँगै श्रम बजारमा पुस्तागत अन्तरसमेत बढ्दै गएको संकेत गरेको छ।

बीओकेको प्रतिवेदनले भने एआई प्रविधिको विस्तारलाई मात्र रोजगारी घट्नुको कारण मान्न नहुने स्पष्ट गरेको छ। एआईलाई कसरी प्रयोग गरिन्छ भन्ने कुराले रोजगारीमा पर्ने प्रभाव निर्धारण गर्ने प्रतिवेदनको निष्कर्ष छ।

मानवले गर्दै आएका कामलाई पूर्ण रूपमा प्रतिस्थापन गर्ने गरी एआई प्रयोग भएका उद्योगमा युवाको रोजगारीमा बढी गिरावट देखिएको छ। तर मानव कामलाई सहयोग गर्ने तथा उत्पादकत्व बढाउने उपकरणका रूपमा एआई प्रयोग भएका क्षेत्रमा युवा भर्तीमा नकारात्मक प्रभाव तुलनात्मक रूपमा सीमित रहेको प्रतिवेदनले जनाएको छ।

प्रतिवेदनले एआई अपनाउने वा नअपनाउनेभन्दा पनि व्यवसायहरूले एआईलाई मानव श्रमको विकल्पका रूपमा प्रयोग गर्छन् वा मानव क्षमतालाई सहयोग गर्ने साधनका रूपमा प्रयोग गर्छन् भन्ने विषय रोजगारीको परिणामका लागि महत्तपूर्ण हुने निष्कर्ष निकालेको छ। यसले एआईको विकाससँगै रोजगारीको स्वरूप परिवर्तन भइरहेका बेला विशेषगरी श्रम बजारमा प्रवेश गर्न खोजिरहेका युवाका लागि नयाँ सीप र प्रविधिसँग अनुकूलन गर्ने क्षमता महत्त्वपूर्ण बन्दै गएको देखाएको छ।

सरकार र मिटरब्याज पीडितबीच भएको ९ बुँदे सहमतिप्रति साहु-महाजनको आपत्ति

काठमाडौं (अन्नपूर्ण): सरकार र मिटरब्याज पीडितबीच भएको ९ बुँदे सहमतिप्रति आपत्ति जनाउँदै साहु-महाजनले काठमाडौं केन्द्रित आन्दोलन सुरु गरेका छन्। साउन ६ गते निजगढमा सरकारसँग भएको ९ बुँदे सम्झौता आपत्तिजनक र एकतर्फी रहेको भन्दै उनीहरूले काठमाडौं केन्द्रित आन्दोलन गरेका हुन्। उनीहरूले उक्त सम्झौतामा कपाली तमसुक, दृष्टिबन्धक, राजीनामा र चेक बाउन्स जस्ता सबै प्रक्रियालाई अवैध भनिएकोप्रति असन्तुष्टि जनाएका छन्। राजीनामाबाट भएको वैधानिक खरिद-बिक्रीलाई सरकारले कुन कानुनी आधारमा तोड्न सक्छ भन्दै उनीहरूले यसका लागि छुट्टै कानुन चाहिने धारणा राखेका छन्। सबै कारोबारलाई अवैध करार गर्दा विशेषगरी मधेश प्रदेशका गाउँघरमा समाज नचल्ने, सामाजिक विकृति बढ्ने र भविष्यमा द्वन्द्व सिर्जना हुने मधेसबाट आएका विनय यादवले बताए। उनले चेक बाउन्सको कारोबार देशभर भएपनि कपाली तमसुकमा आधारित लेनदेन मधेसमा धेरै हुने भएकाले यसलाई व्यावहारिक रूपमा हेरिनुपर्ने बताए।

सरकारले एकतर्फी निर्णय नगरी साहु र ऋणी दुवै पक्षलाई सँगै राखेर कुरा सुन्नुपर्ने र सम्झौता सच्याउनुपर्ने उनीहरूको माग छ। सरकारले आफूहरूलाई वार्तामा नबोलाएसम्म काठमाडौं केन्द्रित आन्दोलन जारी रहने उनीहरूले चेतावनी दिएका छन्।

ट्रम्पद्वारा 'स्ट्रेट अफ होर्मुज'लाई अमेरिकी क्षेत्रका रूपमा देखाउने नक्सा सार्वजनिक

न्युयोर्क (एजेन्सी): संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले 'स्ट्रेट अफ होर्मुज'लाई 'नयाँ अमेरिकी क्षेत्र'का रूपमा देखाइएको नक्सा आफ्नो ट्रुथ सोसल खातामार्फत सार्वजनिक गरेका छन्। सामान्य अवस्थामा यो जलमार्गबाट विश्वको कुल तेल ओसारपसारको करिब पाँचौं भाग व्यापार हुने गर्छ।

अमेरिका र इजरायलले इरानविरुद्ध सैन्य कारबाही सुरु गरेपछि फेब्रुअरीको अन्त्यदेखि इरानले यो जलमार्गमा पानीजहाजको आवागमन रोकेको छ। फेब्रुअरी २८ मा युद्ध सुरु हुनुअघिसम्म यो खुला अन्तर्राष्ट्रिय जलमार्गका रूपमा सञ्चालनमा थियो। ट्रम्पले केही दिनअघिदेखि नै यस जलमार्गलाई अमेरिकी क्षेत्र घोषणा गर्ने र नियन्त्रण कायम गर्ने विचार व्यक्त गर्दै आउनुभएको थियो भने इरानले उक्त मार्ग 'इरानी नै रहने' स्पष्ट पारिसकेको छ।

आफ्नो दोस्रो कार्यकाल सुरु गरेयता ट्रम्पले क्यानडालाई अमेरिकी राज्य बनाउने, ग्रीनल्यान्ड र गाजा पट्टीमाथि नियन्त्रण लिने जस्ता विवादास्पद प्रस्तावहरू अघि सार्नुभएको भए पनि ती कार्यान्वयन भने भएका छैनन्। अर्कोतर्फ, इरानले जलमार्ग पुनः खोल्न र वार्तामा बस्नका लागि अमेरिकी नाकाबन्दी र तेल प्रतिबन्ध अन्त्य हुनुपर्ने, रोक्का सम्पत्ति फुकुवा गरिनुपर्ने तथा युद्धको क्षतिपूर्ति दिनुपर्ने सर्तहरू अघि सारेको छ।

बाल सुरक्षा मुद्दामा मेटाविरुद्ध अदालतको सुनुवाइ सुरु

न्युयोर्क (एजेन्सी): सामाजिक सञ्जाल फेसबुक र इन्स्टाग्रामको मातृ कम्पनी मेटाविरुद्ध बालबालिकाको गोपनीयता उल्लंघन र मानसिक स्वास्थ्यमा गम्भीर असर पुऱ्याएको अभियोगमा अमेरिकाको क्यालिफोर्नियास्थित अदालतमा औपचारिक सुनुवाइ सुरु भएको छ।

क्यालिफोर्नियाको अकल्यान्डस्थित फेडरल कोर्टमा न्यायाधीश इभोन गोन्जालेज रोजर्सको इजलासमा यो ऐतिहासिक मुद्दाको प्रक्रिया अघि बढेको हो। अमेरिकाका विभिन्न २९ राज्यहरूले दर्ता गरेको यो संयुक्त याचिकाको नेतृत्व क्यालिफोर्निया, कोलोराडो, केन्टकी र न्यु जर्सीले गरिरहेका छन्।

अदालतमा बहस सुरु गर्दै क्यालिफोर्नियाकी डेपुटी एटर्नी जनरल मेगन ओ निलले मेटाको व्यापारिक मोडल प्रयोगकर्तालाई लत बसाउने, उनीहरूलाई लामो समय मञ्चमा अड्याउने, डेटा संकलन गर्ने र सार्वजनिक रूपमा सत्य कुरा लुकाउने सिद्धान्तमा आधारित रहेको दाबी गरिन्। उनले बालबालिकाहरूलाई कम्पनीले एउटा 'उत्पादन' का रूपमा प्रयोग गर्दै उनीहरूलाई निरन्तर एपमा अल्झाइराख्न विभिन्न फिचरहरू डिजाइन गरेको आरोप लगाइन्। अभियोजकहरूका अनुसार मेटाले १३ वर्षमुनिका बालबालिकाको गोपनीयता रक्षा गर्ने अमेरिकी कानुनको ठाडो उल्लंघन गरेको छ।

अमेरिकी राज्यहरूले यस मुद्दामा मेटाबाट अर्बौं डलर क्षतिपूर्तिको माग मात्र गरेका छैनन्, इन्स्टाग्राम र फेसबुकको कार्यशैलीमै व्यापक परिवर्तनको माग राखेका छन्। राज्यहरूले अटोप्ले, असीमित स्क्रोल, अनुहारको रूप फेर्ने फिल्टरहरू, र २४ घण्टामा हट्ने स्टोरी जस्ता फिचरहरू बन्द गर्नुपर्ने माग गरेका छन्। त्यसैगरी, किशोर-किशोरीका लागि अभिभावकीय प्रमाणीकरण लागू गर्न र प्रयोगकर्तालाई अल्झाइ राख्ने एल्गोरिदममा सुधार गर्न पनि जोड दिइएको छ। केन्टकीका एटर्नी जनरलले यस कानुनी लडाइँलाई सन् १९९० को दशकमा सुर्तीजन्य कम्पनीहरूविरुद्ध चालिएको ऐतिहासिक कानुनी कदमसँग तुलना गरेका छन्।

अर्कोतर्फ, मेटाले भने आफ्नाविरुद्ध लागेका सबै आरोपहरूको खण्डन गरेको छ। कम्पनीका प्रवक्ताले आफूहरू बालबालिका तथा किशोर-किशोरीहरूको सुरक्षाका लागि पूर्ण रूपमा प्रतिबद्ध रहेको र उनीहरूका लागि प्यारेन्टल कन्ट्रोल तथा प्राइभेट अकाउन्ट जस्ता सुरक्षा उपायहरू पहिल्यै उपलब्ध गराइएको दाबी गरेकी छन्।

युवा अवस्थाका मानिसहरूको मानसिक स्वास्थ्य एक जटिल विषय भएको र त्यसको सम्पूर्ण दोष एउटा एपलाई मात्र दिन नमिल्ने मेटाको तर्क छ। पूर्वकर्मचारी फ्रान्सिस होगेनले दिएको आन्तरिक बयानपछि सुरु भएको यो छानबिन अहिले अमेरिकाको इतिहासकै सबैभन्दा ठूलो उपभोक्ता संरक्षण मुद्दामध्ये एक बनेको छ।

प्रतिबन्ध...

प्रतिबन्धका बाबजुद रोजगारीको खोजीमा महिलाहरू ओमान वा संयुक्त अरब इमिरेट्स (यूएई) जस्ता तेस्रो मुलुकमा पर्यटक भिसामा पुग्ने र त्यहाँबाट कुवेतको घरेलु कामदारको भिसा लिने गर्छन्। युएईमा पर्यटक भिसाका लागि कडा नियम लागू भएपछि एजेन्टहरूले ओमानलाई मुख्य ट्रान्जिट बनाएका छन्।

वैदेशिक रोजगारीका लागि कुवेत पुगेकी झापा बुद्धशान्ति गाउँपालिका-४ की पूजा तामाङ विगत ६ महिनादेखि परिवारको सम्पर्कमा नरहेपछि उनको खोजी र उद्धारका लागि दूतावासमा निवेदन परेको छ।

करिब १० माघअघि कुवेत पुगेकी पूजाले श्रम स्वीकृति नलिएका कारण ओमान हुँदै पुगेको अनुमान गरिएको छ। सरकारी अभिलेख नहुँदा उनको खोजीमा जटिलता थपिएको छ।

घरेलु कामदारका रूपमा नेपाली महिलालाई खाडी पठाउन रोक्न व्यवस्थापिका-संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले २०७३ चैत २० मा निर्देशन दिएपछि वैदेशिक रोजगार विभागले श्रम स्वीकृति बन्द गरेको थियो। तर प्रतिबन्धले आर्थिक बाध्यता रोक्न सकेको छैन। १० माघ २०८० देखि विमानस्थल अध्यागमनले पर्यटक भिसामा जाने यात्रुलाई खुकुलो बनाएपछि यही बाटो प्रयोग गरी महिलाहरू कुवेत पुग्ने गरेका छन्।

कुवेत जाने अधिकांश महिलाको पछाडि बेरोजगारी, घरायसी ऋण र परिवारको जिम्मेवारीजस्ता आर्थिक बाध्यता जोडिएका छन्। श्रीमान् सडक दुर्घटनामा घाइते भएपछि गीता कुवेत आएकी हुन्। तर, श्रम स्वीकृति नलिई विदेश पुग्दा रोजगार सम्झौता, बीमा र उद्धारको कानुनी आधार कमजोर हुने भएकाले श्रमिकहरू महँगो जोखिममा पर्ने गरेका छन्।

दूतावासका श्रम सहचारी जनार्दन गौतमका अनुसार सरकारी विवरणमा नाम नहुँदा समस्यामा परेका महिलाको उद्धार गर्न कठिन हुन्छ। 'घरेलु श्रमिकहरू विभिन्न घरमा अलग-अलग रूपमा काम गर्ने भएकाले उनीहरू शारीरिक तथा मानसिक दुर्व्यवहार, पारिश्रमिक नपाउने वा राहदानी नियन्त्रणमा लिइने जोखिममा हुन्छन्,' उनी भन्छन्।

कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्सालका अनुसार सीमित जनशक्ति र स्रोतका कारण सेवा प्रवाहमा समस्या भइरहेको छ। 'विगतमा ५० हजार कामदार हुँदाको जनशक्तिले अहिले करिब २ लाख नेपालीको काम सम्हाल्नुपरेको छ,' उनी भन्छन्। पछिल्लो १ वर्षमा मात्रै करिब १ लाख नेपाली कुवेत पुगेका छन्, जसमध्ये ४६ हजारभन्दा बढी घरेलु कामदार छन्।

प्रतिबन्धले वैदेशिक रोजगारीको माग रोकेको छैन, बरु औपचारिक प्रणालीबाट बाहिर पठाएर कामदारलाई थप असुरक्षित बनाएको छ। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को सन् २०२५ को अध्ययनमा प्रतिबन्धभन्दा लैंगिक संवेदनशील नीति, द्विपक्षीय श्रम सम्झौता, प्रस्थानपूर्व अभिमुखीकरण र प्रभावकारी उद्धार संयन्त्र नै दीर्घकालीन समाधान भएको उल्लेख गरेको छ।

सरकारले अब प्रतिबन्धमुखी होइन, सुरक्षामुखी नीति अपनाउन आवश्यक रहेको विज्ञहरू बताउँछन्। 'वैधानिक माध्यमबाट श्रम स्वीकृति दिने, रोजगारदाताको प्रमाणीकरण गर्ने, २४ सै घण्टा सहायता केन्द्र र डिजिटल ट्र्याकिङ प्रणाली विकास गरेर मात्र वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउन सकिन्छ,' कुवेतका लागि एक पूर्वराजदूतको सुझाव छ, 'अन्यथा यही प्रवृत्ति दोहोरिन्छ।'

कर्जा...

त्यसविरुद्ध दायर रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले बैंकका अध्यक्ष र सञ्चालकलाई तत्काल पक्राउ नगर्न आदेश दिएको थियो। तर, त्यसपछि जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले एनआईएमबीका अध्यक्ष, सञ्चालक, सीईओ तथा केही कर्मचारीविरुद्ध ठगी, संगठित अपराध र बैंक तथा वित्तीय संस्थासम्बन्धी कसुरमा जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ।

बैंकको दाबी र सीआईबीको निष्कर्ष फरक

स्मार्ट टेलिकमको कर्जा असुलीका क्रममा बैंकले गरेको धितो लिलामीलाई लिएर अहिले मुख्य विवाद देखिएको छ। सीआईबीले यस प्रकरणमा ९५ अर्ब रुपैयाँ घोटाला भएको निष्कर्ष निकालेको बताइएको छ।

बैंकले भने प्रचलित कानुन र नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार नै कर्जा असुलीका लागि धितो लिलामी गरेको दाबी गर्दै आएको छ। बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ र सुरक्षित कारोबारसम्बन्धी ऐन, २०६३ अनुसार बैंकले स्मार्ट टेलिकमको चल सम्पत्ति, टावर तथा उपकरण बिक्री गरी कर्जा असुली गरेको जनाएको छ। खराब कर्जामा परिणत भइसकेको स्मार्ट टेलिकमको ऋण असुलीका लागि राष्ट्र बैंकले पनि पटक-पटक दबाब दिएको थियो। सीआईबीले धितो लिलामीलाई लिएर फौजदारी अनुसन्धान अघि बढाएको छ भने बैंकले आफ्नो निर्णय कानुनसम्मत भएको दाबी गरेको छ। एउटै घटनालाई हेर्ने बैंक र अनुसन्धान निकायको दृष्टिकोण फरक देखिएपछि बैंकिङ क्षेत्रमा अन्योल बढेको छ।

नियामकको भूमिका के ?

प्रचलित कानुन र राष्ट्र बैंकको निर्देशनअनुसार बैंकले गरेको निर्णयमाथि फौजदारी अनुसन्धान अघि बढ्दा नियामक निकायको भूमिका अझ महत्त्वपूर्ण हुन्छ। बैंकिङ क्षेत्रमा हुने सम्भावित अनियमितता पहिचान गर्ने, आवश्यक निर्देशन दिने र बैंकको कामकारबाहीको नियामकीय परीक्षण गर्ने जिम्मेवारी राष्ट्र बैंकसँग छ।

त्यसैले बैंकका सञ्चालक वा कर्मचारीमाथि अनुसन्धान र मुद्दा चलाउने विषयसँगै राष्ट्र बैंकले यसअघि गरेको सुपरिवेक्षण, दिएको निर्देशन र सम्बन्धित कर्जा प्रक्रियामा आफ्नो नियामकीय भूमिका कस्तो थियो भन्ने प्रश्न पनि उठेको छ।

प्रहरीको अनुसन्धान आवश्यक भए पनि बैंकिङ क्षेत्रको नियामक र अनुसन्धान निकायबीच समन्वय हुनुपर्ने पूर्वगभर्नरहरूको धारणा छ। नियामकले समयमै कमजोरी पहिचान गरेर सुधारको बाटो देखाउने र गम्भीर बैंकिङ कसुर देखिएमा सम्बन्धित अनुसन्धान निकायसँग समन्वय गर्ने व्यवस्था प्रभावकारी बनाउनुपर्ने उनीहरूको भनाइ छ।

बैंकिङक्षेत्रमा सीआईबीको अनुसन्धान बढ्दै जाँदा अब बहस केवल कसले कसुर गऱ्यो भन्नेमा सीमित छैन। कर्जा प्रवाह र असुलीको निर्णयमा बैंकको व्यवस्थापनको जिम्मेवारी कहाँसम्म हुने, फौजदारी कसुरको सीमा कहाँबाट सुरु हुने र त्यस्ता घटनामा राष्ट्र बैंकको नियामकीय भूमिका के हुने भन्ने प्रश्न पनि उत्तिकै महत्त्वपूर्ण बनेका छन्।

सर्वसाधारणको निक्षेपमा आधारित बैंकिङ प्रणालीमा नियमन, सुपरिवेक्षण र अनुसन्धानबीच स्पष्ट समन्वय नहुने हो भने एकातिर वास्तविक कसुरदार उम्कन सक्ने जोखिम रहन्छ भने अर्कोतिर कानुनअनुसार निर्णय गर्ने बैंक कर्मचारीसमेत निर्णय लिन डराउने अवस्था आउन सक्छ। त्यसैले पछिल्ला घटनाले राष्ट्र बैंकको सुपरिवेक्षण प्रणालीलाई अझ प्रभावकारी र स्पष्ट बनाउनुपर्ने आवश्यकता देखाएको छ।

अर्थतन्त्र

सुनचाँदीको भाउ



छापावाल सुन : ३,०६,८००
चाँदी : ४७५५

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

मुद्रा	एकाइ	खरिद	बिक्री
अमेरिकी डलर	१	१५२.६७	१५३.२७
युरो	१	१७७.०३	१७७.७२
पाउन्ड स्टर्लिङ	१	२०७.००	२०७.८१
भारतीय रुपैयाँ	१००	१६०	१६०.१५

सचिव बैठक

‘ग्रे लिस्ट’बाट निस्कने उपाय खोजी

सम्पत्ति शुद्धीकरण निवारणका लागि एफएटीएफले पहिचान गरेका सुधार गर्नुपर्ने विषयलाई लक्षित गर्दै ग्रे-लिस्टबाट बाहिर निस्कनका लागि तर्जुमा गरिएको कार्ययोजनाको सम्बद्ध निकायले प्रभावकारी र समयबद्ध कार्यान्वयन गर्ने। यस प्रयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिवको संयोजकत्वमा गठित प्रगति अनुगमन तथा प्रतिवेदन टोलीसँग सम्बन्धित मन्त्रालय, निकाय तथा नियामक संस्थाले निरन्तर समन्वय, संवाद एवम् छलफल गर्नुका साथै आवश्यक तथ्यांक, सूचना तथा जानकारी उपलब्ध गराउने।

गोविन्दबहादुर कार्की
मुख्यसचिव

अन्नपूर्ण | *काठमाडौं*

अपराध तथा सम्पत्ति शुद्धीकरण नियन्त्रणमा देखिएका कमजोरीका कारण नेपाल फाइनान्सियल एक्सन टास्क फोर्सको जोखिमपूर्ण मुलुकको सूची (ग्रे लिस्ट) बाट बाहिर निस्कन सरकारले कडा कदम चाल्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मुख्यसचिव र सचिवहरूको उच्चस्तरीय बैठकले एफएटीएफको कार्ययोजनालाई प्रभावकारी, पारदर्शी र समयबद्ध रूपमा कार्यान्वयन गर्ने संकल्प जनाएको छ।

नेपालले वित्तीय अपराध र सम्पत्ति शुद्धीकरणविरुद्ध उच्चस्तरीय राजनीतिक प्रतिबद्धता व्यक्त गरे पनि कार्यान्वयन तहमा अझै धेरै सुधार गर्नुपर्ने आवश्यकता औंल्याइएपछि सरकारले एकीकृत संयन्त्रमार्फत अनुगमन र कार्यान्वयन तीव्र पार्ने निर्णय गरेको हो।

वित्तीय अपराध र सम्पत्ति शुद्धीकरण निवारणका क्षेत्रमा अन्तर्राष्ट्रिय मापदण्ड पालना नगरेको भन्दै एफएटीएफले नेपाललाई निगरानीको सूची अर्थात् ‘ग्रे लिस्ट’मा राखेको छ। एफएटीएफको सार्वजनिक वक्तव्यअनुसार नेपालले अगस्ट २०२३ मा व्यक्त गरेको प्रतिबद्धताअनुसार केही क्षेत्रमा सकारात्मक सुधार गरे पनि अझै धेरै क्षेत्रमा ठोस प्रगति देखाउन बाँकी छ।नेपाललाई ग्रे लिस्टको सम्भावित गम्भीर आर्थिक जोखिमबाट जोगाउन नेपाल सरकारका सचिवहरूको बैठकले विशेष रणनीति तय गरेको छ। बैठकले देशलाई ग्रे लिस्टबाट यथाशीघ्र बाहिर निकाल्नका लागि तर्जुमा गरिएको कार्ययोजना सम्बद्ध मन्त्रालय, निकाय तथा नियामक संस्थाहरूले प्रभावकारी र समयबद्ध रूपमा कार्यान्वयन गर्ने निर्णय गरेको छ।

यस प्रयोजनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिवको संयोजकत्वमा गठित ‘प्रगति अनुगमन तथा प्रतिवेदन टोली’सँग सम्बन्धित मन्त्रालय, निकाय तथा नियामक संस्थाले निरन्तर समन्वय, संवाद एवं छलफल गर्नुका साथै आवश्यक तथ्यांक, सूचना तथा जानकारी उपलब्ध गराउनुपर्नेछ। सचिव बैठकले गरेका निर्णय कार्यान्वयनलाई प्राथमिकता दिँदै हरेक मन्त्रालयले हरेक महिनाको २७ गतेभित्र प्रगति विवरण प्रधानमन्त्री कार्यालयमा उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ।

बैठकले शासकीय सुधारका विषयलाई केवल प्रक्रियागत अनुपालनमा सीमित नराखी सेवा प्रवाह, विकास व्यवस्थापन, पारदर्शिता, उत्तरदायित्व, डिजिटल कार्यप्रवाह तथा सार्वजनिक खर्चको प्रभावकारितासँग आबद्ध गरी कार्यान्वयन गर्ने निर्णय गरेको छ।

सरकारको शून्य दिन खरिद नीतिअन्तर्गत हालसम्म खरिद प्रक्रिया प्रारम्भ नभएका कार्यक्रम वा आयोजनामा सम्बन्धित मन्त्रालय र निकायले तत्काल सार्वजनिक खरिद प्रक्रिया अगाडि बढाउने निर्णय पनि भएको छ।

साथै, चालु आर्थिक वर्षलाई कानुन निर्माण तथा सुधार वर्षका रूपमा कार्यान्वयन गर्ने सन्दर्भमा प्रचलित कानुनको समसामयिक परिमार्जन, खारेजी तथा नयाँ कानुन निर्माण गर्न कानुन मन्त्रालयमा गठित समिति र विषयगत कार्यदललाई सबै मन्त्रालयले आवश्यक तथ्यांक तथा सूचना उपलब्ध गराउने निर्णय सचिव बैठकले गरेको छ।

नेपाल सरकारले वित्तीय अपराधविरुद्ध उच्चस्तरीय राजनीतिक प्रतिबद्धता दोहोर्यायए पनि कार्यान्वयनमा देखिने सुस्ततालेे अन्तर्राष्ट्रिय समुदायमा नेपालको साख जोखिममा परेको अर्थविद्हरूको भनाइ छ। ग्रे लिस्टमा रहिरहेमा नेपालको अन्तर्राष्ट्रिय बैंकिङ कारोबार, वैदेशिक सहायता, रेमिट्यान्स प्रवाह र विदेशी लगानीमा प्रत्यक्ष नकारात्मक असर पर्ने जोखिम रहन्छ।

पेरिस बैठकमा प्रस्तुत प्रतिवेदनअनुसार नेपालले विशेष गरी ७ प्रमुख क्षेत्रमा तत्काल सुधार गर्नुपर्नेछ। पहिलो, अपराधबाट आर्जन हुने अवैध सम्पत्तिले निम्त्याउने वित्तीय जोखिमहरू स्पष्ट रूपमा पहिल्याउने र सोहीअनुसार रणनीति तयार गर्नुपर्नेछ। दोस्रो, घरजग्गा, क्यासिनो तथा बहुमूल्य धातु कारोबारजस्ता गैर-वित्तीय व्यवसायी र पेसाकर्मीहरूमाथि कडा नियमन तथा पर्यवेक्षण बढाउनुपर्नेछ। तेस्रो, गैरकानुनी रूपमा आर्जित सम्पत्तिको खोजतलास, जफत तथा असुली प्रक्रियालाई तीव्रता दिनु आवश्यक छ। चौथो, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी ऐन र नियमावलीलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल परिमार्जन गर्नुपर्नेछ। पाँचौं, सीमापार वित्तीय अपराध नियन्त्रणका लागि विदेशी निकायहरूसँग पारस्परिक कानुनी सहायता र सूचना आदानप्रदान बढाउनुपर्नेछ। छैटौं, वित्तीय सूचना एकाइको क्षमता अभिवृद्धि गर्दै शंकास्पद कारोबारको विश्लेषण र प्रतिवेदन प्रणालीलाई थप प्रविधिमैत्री र सशक्त बनाउनुपर्नेछ। सातौं, आतंककारी कार्य र सामूहिक विनाशका हतियार निर्माणमा हुने वित्तीय लगानी रोक्न अन्तर्राष्ट्रिय प्रस्तावहरूको पूर्णपालना गर्नुपर्नेछ।

सेयर बजारमा नेप्से र कारोबार दुवै घटे

अन्नपूर्ण | *काठमाडौं*

सेयर बजार कारोबारको दोस्रो दिन मंगलबार नेप्से परिसूचक दोहोरो अंकले घटेर बन्द भएको छ। नेप्से परिसूचक १९.३४ अंकले घटेर २६२२.४८ विन्दुमा झरेको हो। नेप्से घटेसँगै कारोबार रकम पनि सोमबारको तुलनामा गिरावट आएको छ।

मंगलबार ३ सय ४७ वटा स्क्रिप्सको खरिदबिक्री भयो। मंगलबार १ करोड ५१ लाख ९६ हजार ९ सय ८२ कित्ता सेयर ५ अर्ब ७ करोड ३५ लाख १८ हजार रुपैयाँमा किनबेच भए। सोमबार ५ अर्ब ५२ करोड रुपैयाँको कारोबार भएको थियो। कारोबारमा आएका २ सय ७९ मध्ये ५६ वटा स्टक्सको मूल्य बढ्यो भने २ सय १८ वटाको घट्यो। यसदिन चिलिमे हाइड्रोपावर, हिमालयन पावर पाट्नर, नेपाल फाइनान्सलगायत ५ स्टक्सको मूल्य भने स्थिर रह्यो।



मंगलबार सर्वोत्तम पेन्ट्स इन्डस्ट्रिजको सेयर १४.९९ र माउन्ट एभरेष्ट डेभलपमेन्टको सेयर १४.९८ प्रतिशतले बढ्यो। सगरमाथा जलविद्युत् कम्पनीको सेयर सर्वाधिक १०.६३ प्रतिशतले घट्यो।

यसदिन एग्रिकलचर बोन्डले ५० करोड ६८ लाख रुपैयाँ बढीको सेयर कारोबार गरी शीर्षस्थानमा रह्यो।

सोलु हाइड्रोपावरले ३९ करोड १४ लाख ५५ हजार, खानीखोला हाइड्रोपावरले २५ करोड २६ लाख ४२ हजार, रिलाइन्स स्पिनिङ मिल्सले १६ करोड ७८ लाख ६८ हजार र युनाइटेड मोदी हाइड्रोपावरले १६ करोड ७३ लाख १ हजार रुपैयाँ बराबरको कारोबार गरे।

मंगलबार ट्रेडिङ समूहको उपसूचकबाहेक अरु बाँकी १२ समूहको उपसूचक नकारात्मक देखिए। मंगलबार ट्रेडिङ समूहको १३.४४ अंकले बढ्यो।

मंगलबार सेन्सेटिभ इन्डेक्स २.५५ अंक, फ्लोट इन्डेक्स १.३० अंक र सेन्सेटिभ फ्लोट इन्डेक्स ०.८८ अंकले घटेका थिए।

भारत-नेपालबीच डिजिटल भुक्तानीमा सहजता

अजवी पौड्याल | *काठमाडौं*

नेसनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डियाको अन्तर्राष्ट्रिय शाखा ‘एनपीसीआई इन्टरनेसनल पेमेन्ट्स लिमिटेड’ (एनआईपीएल) ले भारत र नेपालबीच निर्बाध सीमापार डिजिटल भुक्तानी प्रणालीलाई थप सुदृढ बनाउने बताएको छ। मंगलबार काठमाडौंमा एक कार्यक्रम गरी एनपीसीआईले सर्वसाधारणका लागी दुईतर्फी भुक्तानी प्रणालीमार्फत भारतबाट नेपाल र नेपालबाट भारतमा रियल टाइममा रकम पठाउन सकिने जानकारी सार्वजनिक गरेको हो।

भारतको युनिफाइड पेमेन्ट्स इन्टरफेस (यूपीआई) र नेपालको नेसनल पेमेन्ट्स इन्टरफेस (एनपीआई) बीचको अन्तरसम्बन्धले दुई देशबीच ‘पर्सन-टु-पर्सन’ (पीटुपी) रियल-टाइम रकम स्थानान्तरण हुनेछ। नेपालका व्यावसायिक प्रतिष्ठानहरूमा भारतीय यात्रुले यूपीआईमार्फत क्युआर कोड स्क्यान गरी तुरुन्तै र सुरक्षित रूपमा भुक्तानी गर्न सक्नेछन्। उनीहरूले भ्रमण गर्ने धार्मिकस्थलहरूमा समेत यूपीआई भुक्तानी सुविधा उपलब्ध भइसकेको छ।

नेपालको फोनपे नेटवर्कमार्फत आबद्ध व्यवसायीहरूले सहज रूपमा यूपीआई भुक्तानी स्वीकार गर्न सक्छन्। यसले भारतीय पर्यटकलाई ठूलो परिमाणमा नगद बोक्ने वा मुद्रा सटही गर्नुपर्ने झन्झट मुक्ति दिएको छ। नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसीएचएल) र एनआईपीएलको सहकार्यमा सञ्चालित यूपीआई-एनपीआई सम्बन्धले बैंक खाताका संवेदनशील विवरण आदानप्रदान नगरिकनै सुरक्षित रूपमा रकम स्थानान्तरण गर्ने सुविधा प्रदान गरेको छ।

भारतीय तथा नेपाली प्रयोगकर्ताले प्राप्तकर्ताको मोबाइल नम्बर वा भर्चुअल पेमेन्ट एड्रेस प्रयोग गरी नेपालमा रकम पठाउन सक्नेछन्। नेपालमा रहेका भारतीय नागरिकहरूले यूपीआई आईडी प्रयोग गरी भारतमा रकम स्थानान्तरण गर्न सक्नेछन्। यस प्रणालीले सीमापार रेमिट्यान्समा निर्भर लाखौं परिवार र व्यक्तिहरूका लागि रकम स्थानान्तरण प्रक्रियालाई द्रुत, किफायती र पारदर्शी बनाएको छ।

एनपीसीआई इन्टरनेसनलका प्रबन्ध निर्देशक तथा प्रमुख कार्यकारी अधिकृत (सीईओ) रीतेश शुक्लाले फोनपे र एनसीएचएलसँगको साझेदारीले दुई देशबीचको आर्थिक र जनस्तरको सम्बन्धलाई अझ प्रगाढ बनाउने बताए। उनले भने, ‘हाम्रो प्रयास नेपालमा डिजिटल भुक्तानीको स्वीकार्यता विस्तार गर्ने, भारतीय यात्रुका लागि कारोबार सरल बनाउने र रेमिट्यान्समा निर्भर परिवारका लागि छिटो एवं थप किफायती रकम स्थानान्तरण सुविधा उपलब्ध गराउनेतर्फ केन्द्रित छ।

नेपाल एसबीआई बैंकद्वारा पोखरामा सामाजिक कार्यक्रम

काठमाडौं (अन्नपूर्ण) : नेपाल एसबीआई बैंकले कास्कीको पोखरामा सार्वजनिक सुरक्षा, स्वास्थ्य सेवा तथा शिक्षाको क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले तीन भिन्न संस्थालाई सहयोग गरेको छ। बैंकले सशस्त्र प्रहरी बल, नेपाल; नेपाल रेडक्रस सोसाइटी, कास्की र नेपाल भारत मैत्री पुस्तकालय, कास्कीलाई विभिन्न सामग्री तथा पूर्वाधार विस्तारका लागि सहयोग गरेको हो।

यसअन्तर्गत बैंकले फेवातालमा उद्धार कार्यमा प्रयोग हुने उद्धार उपकरणहरू सुरक्षित रूपमा भण्डारण गर्न सशस्त्र प्रहरी बल, नेपाललाई ‘रुफ ट्रस’ निर्माणका लागि तथा रक्तसञ्चार सेवाको सुदृढीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले नेपाल रेडक्रस सोसाइटी, कास्कीलाई ‘पोर्टेबल ब्लड ब्याग ट्युब सेलर’ प्रदान गरेको छ। त्यसैगरी, नेपाल भारत मैत्री पुस्तकालय, कास्कीलाई पुस्तकालयको भौतिक पूर्वाधार विस्तार तथा पुस्तक एवं पत्रपत्रिका खरिदका लागि सहयोग प्रदान गरेको छ। उक्त सामग्री तथा सहयोग भारतीय स्टेट बैंकका उपप्रबन्ध निर्देशक किशोरकुमार पोलुदासु र एसबीआईका अध्यक्ष मुनीषकुमार चान्दनाले पोखरामा आयोजित कार्यक्रममा सशस्त्रका डीआईजी प्रवीण कँडेल, रेडक्रस कास्कीकी सभापति उर्मिला खड्का भण्डारी र मैत्री संघ कास्कीका अध्यक्ष किरणलाल श्रेष्ठलाई हस्तान्तरण गरे।

एनसेलले बन्द गर्दै ३ जी सेवा

निमा योञ्जन | *काठमाडौं*

निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक एनसेलले नेटवर्कको गुणस्तर सुधार तथा नयाँ प्रविधि प्रवर्द्धन गर्न भन्दै थप २५ स्थानीय तहमा तेस्रो पुस्ताको (३जी) मोबाइल सेवा बन्द गरेको छ।

भदौ १ गतेदेखि गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तोकिएका स्थानीय तहहरूमा ३जी सेवा पूर्णरूपमा हटाइएको कम्पनीले जनाएको छ। पुरानो प्रविधिको ३जीमा ब्यान्डविथ क्षमता कम हुने भएकाले ४जी सेवालाई थप सुदृढ बनाउन र भविष्यमा ५जी विस्तारका लागि आधार तयार पार्न यो कदम चालिएको एनसेलको भनाइ छ।

एनसेलले गण्डकी प्रदेशमा गोरखाका गोरखा, आरुघाट, सहिद लखन, भीमसेन थापा र धार्चे तथा लमजुङका मर्स्याङ्दी, दूधपोखरी, दोर्दी, राइनास र बेँसीसहरमा ३जी मोबाइल सेवा बन्द गरेको छ।

लुम्बिनी प्रदेशमा बर्दियाका राजापुर, बारबर्दिया, ठाकुरबाबा, मधुवन, गुलरिया र गेरुवा, पाल्पाका तानसेन, माथागढी, बगनासकाली, निस्दी, रामपुर, तिनाउ, रम्भा र पूर्वखोला तथा अर्घाखाँचीको शीतगंगा तथा सुदूरपश्चिम प्रदेशमा कैलालीका टीकापुर, बर्दगोरिया, घोडाघोडी, मोहन्याल, लम्कीचुहा, भजनी, जानकी र जोशीपुर ३जी सेवा हटाइएको छ। यसअघि गत असारमा एनसेलले कोशी, मधेस, कर्णाली र बागमती प्रदेशका १३ जिल्लाका २८ स्थानीय तहमा ३जी सेवा बन्द गरिसकेको छ। नेपाल दूरसञ्चार प्राधिकरणको ‘नेपाल रोड टु ५जी’ सुधार योजनाअनुसार ३जी प्रयोगकर्ता घट्दै गएको र यसलाई निरन्तरता दिँदा अतिरिक्त आर्थिक तथा स्पेक्ट्रम भार पर्ने भएकाले चरणबद्ध रूपमा ३जी सेवा हटाउने नीति लिइएको एनसेलले जनाएको छ।

रूपाकोट रिसोर्टको सेयरको बिक्री प्रबन्धकमा एनआईसी एसिया क्यापिटल

काठमाडौं (अन्नपूर्ण): एनआईसी एसिया क्यापिटल र रूपा-६, मैदान कास्कीमा कारोबार कार्यालय रहेको रूपाकोट रिसोर्टबीच सर्वसाधारणलाई प्राथमिक सेयर (आईपीओ) बिक्री तथा निष्कासनका लागि सम्झौता भएको छ। बैंकको ‘आईडीया टु आईपीओ’ सेवाअन्तर्गत रिसोटको आईपीओ निष्कासन गर्नका लागि दुई पक्षीय सम्झौता भएको हो।

कास्कीको पोखरामा रहेको रिसोर्ट नेपालको पर्यटन तथा आतिथ्य क्षेत्रको आकर्षक गन्तव्यका रूपमा स्थापित हुँदै आएको छ। प्राकृतिक सौन्दर्य, शान्त एवं रमणीय वातावरण, हिमाली शृंखलाको मनोरम दृश्य तथा रूपा र बेगनास तालको मनमोहक दृश्यावलोकन गर्न सकिने विशेष भौगोलिक अवस्थित यस रिसोर्टको प्रमुख विशेषताका रूपमा छन्।

पोखरा उपत्यकाको पर्यटन सम्भावनालाई ग्रामीण तथा प्राकृतिक पर्यटनसँग जोड्दै रुपाकोट क्षेत्रलाई उच्चस्तरीय आतिथ्य सेवा, प्रकृति अवलोकन तथा विश्रामका लागि उपयुक्त गन्तव्यका रूपमा विकास गर्ने उद्देश्यले रिसोर्टले सेवा निरन्तर विस्तार गर्दै आइरहेको छ।

पछिल्लो समयमा रिसोर्टले आधुनिक सुविधा र स्थानीय प्राकृतिक तथा सांस्कृतिक परिवेशबीचको सन्तुलन कायम गर्दै आएको छ।

‘रिभर मोबिलिटी’ विशाल ग्रुपसँगको सहकार्यमा नेपालमा प्रवेश

काठमाडौं (अन्नपूर्ण) : भारतको विद्युतीय स्कुटर निर्माता कम्पनी ‘रिभर मोबिलिटी’ वितरक ‘विशाल ग्रुप’सँगको सहकार्यमा नेपालमा प्रवेश गरेको छ। कम्पनीले काठमाडौंको भृकुटीमण्डपमा जारी ‘नाइमा एक्स्पो २०२६’ मा फल्यागसिप विद्युतीय स्कुटर ‘इन्डी’ सार्वजनिक गरेको थियो। एक्स्पोमा हल बीको स्टल एल ३ एमा ‘इन्डी’ स्कुटरको अवलोकन गर्ने र प्रि-बुकिङ गर्ने व्यवस्था मिलाइएको थियो।

रिभर मोबिलिटीले नेपालमा दीर्घकालीन व्यापार विस्तारको आधार तयार पारेको छ। विशाल ग्रुपको अटोमोबाइल क्षेत्रमा ८० वर्षभन्दा बढीको लामो अनुभव र ३५ भन्दा बढी सहरहरूमा फैलिएको बलियो सञ्जालले नेपालमा रिभरको खुद्रा बिक्री र बिक्रीपछिको सेवालाई प्रभावकारी बनाउने कम्पनीको विश्वास छ। रिभर मोबिलिटीका सहसंस्थापक तथा मुख्य कार्यकारी अधिकृत अरविन्द मणिले भने, ‘विशाल ग्रुपको बलियो वितरण सञ्जाल र अटोमोबाइल अनुभवले अबको यात्रा सुरु गर्न सही आधार दिएको छ। भारतमा अत्यधिक रुचाइएको इन्डी स्कुटरले नेपाली राइडर्सहरूको पनि मन जित्नेमा पूर्ण विश्वास छ।’

विशाल ग्रुपका डायरेक्टर निकुञ्ज अग्रवालले भने, ‘रिभरको उपयोगिता, टिकाउपन र उत्कृष्ट डिजाइन नेपाली प्रयोगकर्ताहरूको आवश्यकतासँग ठ्याक्कै मेल खान्छ।’ सन् २०२३ मा पहिलो पटक बजारमा ल्याइएको रिभर इन्डीलाई विशेषगरी दैनिक प्रयोगका लागि प्रयोगात्मक, टिकाउ र लाइफस्टाइल उपयोगितालाई ध्यानमा राखेर डिजाइन गरिएको छ।

मुक्तिनाथ विकास बैंक र ‘वरपीपल रिसोर्ट पोखरा’बीच सम्झौता

काठमाडौं (अन्नपूर्ण) : मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्ना ग्राहकहरूलाई थप सेवा तथा सुविधा प्रदान गर्ने उद्देश्यले पोखरामा अवस्थित ‘वरपीपल रिसोर्ट पोखरासँग विभिन्न सेवा तथा सुविधामा विशेष छुट प्रदान गर्ने सम्बन्धमा व्यावसायिक सम्झौता गरेको छ।

उक्त व्यावसायिक सम्झौताअनुसार मुक्तिनाथ विकास बैंकका ग्राहकहरूले वरपीपल रिसोर्ट पोखरामा खाना, बस्न तथा एसपीए सेवामा १० देखि २० प्रतिशतसम्म विशेष छुट प्राप्त गर्न सक्नेछन्।

त्यसैगरी, ६ जनाभन्दा बढीको समूहमा बुकिङ गर्दा एक जनाका लागि बस्ने सुविधासहित ब्रेकफास्ट, लन्च डिनर निःशुल्क उपलब्ध गराइनेछ।

अन्नपूर्ण विज्ञापन पाटी

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही वर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

DO ADVERTISEMENT PROMOTE YOUR BUSINESS
Dial @
01-4112461
9801047935

इङ्ल्यान्डलाई कप्तान रुटमाथि आशा

बुधबारबाट सुरु हुन लागेको पाकिस्तानसँगको टेस्ट क्रिकेटमा इङ्ल्यान्ड कप्तान जोय रुटमाथि आशावादी छ। दोस्रो पटक कप्तानको जिम्मेवारी लिएका रुट इङ्ल्यान्डको मुख्य आशा रहेको जनाइएको छ।

अन्नपूर्ण
annapurnapost.com

रंगशाला

इन्फान्टिनोको आलोचना गरेपछि लामोर बर्खास्त

एजेन्सी | *लन्डन*

विश्व फुटबलको सर्वोच्च निकाय फिफाले आफ्नै अध्यक्ष जियानी इन्फान्टिनोको आलोचना गरेका चिफ अपरेटिङ अफिसर (सीओओ) केभिन लामोरलाई पदबाट हटाएको छ। फिफाका प्रमुख सञ्चालन अधिकृत लामोरको सम्झौता सोमबार अन्त्य गरिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। फिफाका महासचिव माटियास ग्राफस्ट्रोमले कर्मचारीलाई इमेल पठाउँदै लामोरको बहिर्गमनबारे जानकारी गराएका थिए।

लामोरले केही साताअघि इन्फान्टिनोको नेतृत्वमा अघि बढाइएको फिफाको व्यावसायिक पुनर्संरचनासम्बन्धी योजनाको सार्वजनिक रूपमै आलोचना गरेका थिए। उक्त योजनाअन्तर्गत विश्वकपलगायत फिफाका प्रमुख प्रतियोगिताबाट हुने व्यावसायिक आम्दानी व्यवस्थापन गर्न नयाँ कम्पनी स्थापना गरी त्यसमा निजी लगानीकर्तालाई २० प्रतिशतसम्म हिस्सेदारी दिने प्रस्ताव गरिएको थियो। प्रस्तावित कम्पनीको मूल्य करिब २० अर्ब अमेरिकी डलर हुने बताइएको थियो।

लामोरले उक्त योजनाबारे फिफाका कर्मचारीहरूलाई पर्याप्त जानकारी नदिएको र निर्णय प्रक्रिया पारदर्शी नभएको आरोप लगाएका थिए। उनले योजना 'एक व्यक्तिको परियोजना' भएको भन्दै यसलाई अघि बढाउन नहुने धारणा राखेका थिए। लामोरको आलोचनापछि इन्फान्टिनोमाथि दबाब थपिएको थियो। युरोपेली फुटबल महासंघ (यूईएफए) सहित एसियाली फुटबल महासंघ (एएफसी) र उत्तर तथा मध्य अमेरिकी फुटबल महासंघ (कन्काकाफ) ले पनि उक्त व्यावसायिक योजनाको विरोध गरेका थिए। सबैतिरबाट व्यापक विरोधपछि इन्फान्टिनोले जुलाईको अन्त्यमा योजना अघि नबढाउने घोषणा गरेका थिए।

यसअघि इन्फान्टिनोका वरिष्ठ सल्लाहकार तथा अमेरिकी फुटबलका पूर्वअध्यक्ष कार्लोस कोर्डेइरोले पनि सोही योजनाको विरोध गर्दै पदबाट राजीनामा दिएका थिए। लामोरको बर्खास्तीले फिफाभित्र इन्फान्टिनोको नेतृत्व र निर्णय प्रक्रियालाई लिएर रहेको असन्तुष्टि थप सतहमा ल्याएको छ। इन्फान्टिनो सन् २०२७ मा हुने फिफा अध्यक्षको निर्वाचनमा पुनः उम्मेदवारी दिने तयारीमा छन्। तर, पछिल्लो विवादपछि उनको नेतृत्वमाथि यूईएफएसहित विभिन्न राष्ट्रिय संघबाट प्रश्न उठ्न थालेका छन्। वेल्स, स्कटल्यान्डलगायत केही संघले उनको पुनर्निर्वाचनका लागि दिएको समर्थनसमेत फिर्ता लिएका छन्।

लामोरको बर्खास्तीलाई भने फिफाभित्र इन्फान्टिनोको आलोचनाप्रति नेतृत्वको कठोर कदमका रूपमा हेरिएको छ। फिफाले उनको बहिर्गमनको विस्तृत कारण सार्वजनिक नगरे पनि घटनाक्रम हेर्दा विवादास्पद व्यावसायिक योजनाविरुद्ध लामोरले लिएको अडानसँग यसको सम्बन्ध रहेको देखिन्छ।

एसियाडका खेलाडीलाई प्रोत्साहन

अन्नपूर्ण | *काठमाडौं*

जापानको आइची-नागोया सहरमा आयोजना हुने २०औं एसियाली खेलकुद (एसियाड) को बन्द प्रशिक्षणमा रहेका खेलाडीलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न संस्थाले गिफ्ट ह्याम्पर प्रदान गरेका छन्। राष्ट्रिय खेलकुद परिषद्ले आयोजना गरेको खेलाडी प्रोत्साहन कार्यक्रममा डीडीसीले उत्पादित सामग्रीको प्याकेज र ट्राभलिङ टिसर्ट तथा एक्सटेप नेपाल, ब्रान्ड हाउस, कल मोबिलिटी, अल्भिन मोबाइल सेन्टर, ग्याग नेपाल र रकले एसियाली खेलकुदमा सहभागी हुने खेलाडीलाई गिफ्ट ह्याम्पर प्रदान गरेका थिए।

कार्यक्रममा कलाकार निश्चल बस्नेत र सन्दीप क्षत्रीले पनि खेलाडी बसेको होटल रोयल बुटिकमै पुगेर उनीहरूको हौसला बढाएका थिए। कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का उपाध्यक्ष विशाल श्रेष्ठ, सदस्यसचिव रामचरित्र मेहता, शिक्षा तथा खेलकुद मन्त्रालयका प्रमुख सल्लाहकार सिद्धी व्यञ्जनकार, राखेप सदस्य धनीराम चौधरीलगायतको उपस्थिति रहेको थियो।

आगामी सेप्टेम्बर १९ देखि अक्टोबर ४ तारिखसम्म आयोजना हुने २० औं एसियाली खेलकुदमा नेपालबाट २२ खेलका एक सय ३७ खेलाडीले सहभागिता जनाउने भएका छन्। जसमा ८० पुरुष र ५७ महिला गरी एक सय ३७ खेलाडी सहभागी हुने छन्।

नेपालबाट आर्चरीमा १/१ पुरुष/महिला, एथलेटिक्समा ४ पुरुष र २ महिला, ब्याडमिन्टनमा २/२ पुरुष/महिला, बक्सिङमा ४ पुरुष र ३ महिला, क्यानोइ स्लालममा २ पुरुष, पुरुष क्रिकेट १५, साइक्लिङमा १-१ पुरुष/महिला तथा डान्स एन्ड स्पोर्ट्समा १ पुरुष खेलाडी सहभागी हुने छन्।

यस्तै गल्फमा ३ पुरुष र १ महिला, जुडोमा ३/३ पुरुष/महिला, कबड्डीमा १२-१२ पुरुष/महिला, करातेमा ३ पुरुष र ५ महिला, स्केटबोर्डमा २ पुरुष, सफ्ट टेनिसमा ३ पुरुष र १ महिला, स्क्वासमा १/१ पुरुष/महिला, पौडीमा ३ पुरुष र २ महिला, टेबलटेनिसमा ३/३ पुरुष/महिला, तेक्वान्दोमा २/१ पुरुष/महिला, टेनिसमा ३ पुरुष र २ महिला, महिला भलिबलमा १२, कुस्तीमा ४ पुरुष र २ महिला तथा उसुमा ८ पुरुष र ३ महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्ने छन्।

चीनको हाङझावमा भएको १९औं एसियाली खेलकुदमा नेपालबाट २९ खेलमा दुई सय ५३ खेलाडी सहभागी भएका थिए। जसमा एक सय २६ पुरुष र एक सय २७ महिला खेलाडीले भाग लिएका थिए। हाङझाव एसियाडमा नेपालले एक रजत र एक कांस्य पदक जितेको थियो। ऐतिहासिक पदक जित्ने क्रममा करातेकी एरिका गुरुङले रजत तथा महिला कबड्डी टोलीले कांस्य पदक जितेको थियो।

अभ्यास खेलमा नेपालको जित

अन्नपूर्ण | *काठमाडौं*

मलेसियामा आयोजना हुने एसियाली क्रिकेट काउन्सिल (एसीसी) प्रिमियर कपको तयारीका लागि भारतमा रहेको नेपाली क्रिकेट टोलीले कर्नाटकसँगको पहिलो अभ्यास खेलमा फराकिलो जित निकालेको छ। मंगलबार भएको खेलमा नेपालले १ सय १६ रनको जित निकालेको हो।

नेपालले दिएको एक सय ८९ रनको लक्ष्य पछ्याएको कर्नाटक २८ ओभरमा ७२ रनमै समेटिएको थियो। कर्नाटकका सरथ श्रीनिवासले सर्वाधिक ३२ रन बनाए। यस्तै रेबन्थ बैरेले १० रन बनाउँदा अन्य खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। कर्नाटकलाई कम योगफलमै समेट्न नेपालका बलरहरूले उत्कृष्ट प्रदर्शन गरेका थिए। नेपालका करण केसी, ललित राजवंशी, शेर मल्ल र बसिर अहमदले दुई/दुई विकेट लिए। कप्तान सन्दीप लामिछाने र हेमन्त धामीले एक/एक विकेट हात पारे।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ४५ ओभरमा सबै विकेट गुमाएर एक सय ८८ रनको योगफल बनाएको थियो। नेपालका आसिफ शेखले सर्वाधिक ४९ रन बनाए। उनले ७० बलमा एक छक्का र दुई चौका प्रहार गरे। यस्तै इशान पाण्डेले ३४, ओपनर देव खनाल र सन्दीप जोराले समान २७, बसिर अहमदले १९ र गुलसन झालेे ११ रन बनाए। कर्नाटकका कीर्ति एमले उत्कृष्ट बलिङ गर्दै आठ ओभरमा २० रन खर्चिएर पाँच विकेट लिए। यस्तै आदित्य गोयल, अरविन्दकुमार राई, चिरन्त शिवरुद्र, सागर गौतम र समर्थ श्रीनिवासले एक/एक विकेट हात पारे।

आगामी अगस्ट ३० देखि सेप्टेम्बर १२ सम्म मलेसियामा आयोजना हुने एसीसी प्रिमियर कपमा नेपालले सन्दीप लामिछानेको कप्तानीमा प्रतिस्पर्धा गर्नेछ। टोलीमा कप्तान सन्दीपसँगै आसिफ शेख, अर्जुन कुमाल, रोहित पौडेल, देव खनाल, दीपेन्द्रसिंह ऐरी, बसिर अहमद, इशान पाण्डे, गुलसन झा, शेर मल्ल, ललित राजवंशी, करण केसी, हेमन्त धामी र सन्दीप जोरा छन्।

प्रिमियर कपमा नेपालले आफ्नो पहिलो खेल बहराइनसँग खेल्ने छ। एसीसीले सार्वजनिक गरेको खेल तालिकाअनुसार नेपाल र बहराइनबीचको खेल अगस्ट ३१ मा हुनेछ। नेपालले आफ्नो दोस्रो खेलमा सेप्टेम्बर ३ मा मलेसिया, सेप्टेम्बर ६ मा साउदी अरेबिया र सेप्टेम्बर ८ मा हङकङसँग खेल्नेछ। १० टोली सहभागी हुने प्रतियोगिता अगस्ट ३० देखि सेप्टेम्बर १२ तारिखसम्म मलेसियामा सञ्चालन हुनेछ। नेपाल समूह 'बी' मा छ। यस समूहमा नेपाल र बहराइनसहित साउदी अरेबिया, मलेसिया र हङकङ परेको छ। यस्तै समूह 'ए'मा कुवेत, ओमान, कतार, सिंगापुर र संयुक्त अरब इमिरेट्स (यूएई) छन्।

विलियम्स दिदीबहिनीको पुनरागमन भएन सुखद

एजेन्सी | *सिनसिनाटी*

विश्व टेनिसमा आफ्नो दबदबा कायम गरेका सेरेना र भेनस विलियम्स दिदीबहिनी करिब चार वर्षपछि फेरि एउटै कोर्टमा उत्रिए पनि पुनरागमनको सुखद सुरुवात गर्न भने सकेनन्। सिनसिनाटी ओपनको महिला डबल्सको पहिलो चरणमा विलियम्स दिदीबहिनी युक्रेनकी मार्ता कोस्त्युक र अमेरिकी खेलाडी पेटन स्टियर्न्ससँग पराजित भएका थिए। सोमबार भएको रोमाञ्चक खेलमा सेरेना र भेनसको जोडी पहिलो सेटमा ६-२ ले पछि परेको थियो। दोस्रो सेटमा भने उनीहरूले उत्कृष्ट पुनरागमन गर्दै ६-१ को सहज जित निकालेका थिए। निर्णायक सुपर टाइब्रेकरमा पनि विलियम्स दिदीबहिनी ०-६ ले पछि परेपछि लगातार अंक जोड्दै ८-९ को अवस्थामा पुगेका थिए। तर, भेनसको डबल फल्टसँगै खेल १०-८ ले कोस्त्युक-स्टियर्न्सको पक्षमा गएको थियो ।

यो खेल सेरेना र भेनसका लागि केवल अर्को डबल्स प्रतिस्पर्धा मात्रै थिएन, चार वर्ष लामो अन्तरालपछि उनीहरूको पुनरागमन पनि थियो। उनीहरूले पछिल्लो पटक सन् २०२२ को यूएस ओपनमा सँगै डबल्स खेलेका थिए। त्यसयता पहिलोपटक सिनसिनाटीमा एउटै कोर्टमा फर्किएका यी दिदीबहिनीले १४ वटा ग्रान्डस्लाम डबल्स उपाधि र तीन ओलम्पिक स्वर्ण पदक जितिसकेका छन्।

४४ वर्षीया सेरेनाका लागि यो प्रतिस्पर्धात्मक टेनिसमा करिब चार वर्षपछि फर्किएपछिको अर्को महत्वपूर्ण अध्याय हो। उनले २०२२ को यूएस ओपनपछि टेनिसबाट दूरी बनाएकी थिइन्। यस वर्ष उनी पुनः कोर्टमा फर्किएकी हुन्। यसअघि विम्बल्डनमा पनि उनले पुनरागमन गरेकी थिइन्, तर घुँडाको चोटका कारण भेनससँगको डबल्स खेलबाट पछि हट्नुपरेको थियो। ४६ वर्षीया भेनस भने पछिल्लो समय विभिन्न प्रतियोगितामा वाइल्ड कार्डमार्फत खेलिरहेकी छन्। सिनसिनाटी ओपनको महिला एकलतर्फ पनि उनको पुनरागमन सुखद रहेन। उनी कोलम्बियाकी एमिलियाना अराङ्गोसँग ६-२, ६-२ ले पराजित भएकी थिइन् ।

डबल्समा हार बेहोरे पनि सेरेनाले सिनसिनाटीमा दिदीसँग पुनः कोर्ट बाँड्न पाएको क्षणलाई विशेष बताइन्। लामो समयपछि फेरि सँगै खेल्न पाउनु नै आफूहरूका लागि महत्वपूर्ण रहेको उनको भनाइ थियो। भेनसले पनि आफूहरूले लामो समयदेखि पुनः डबल्स कोर्टमा फर्किने प्रतीक्षा गरेको बताएकी थिइन्। परिणामले विलियम्स दिदीबहिनीको पुनरागमनमा जितको रंग भर्न नसके पनि सिनसिनाटीको कोर्टमा उनीहरूको पुनर्मिलनले विश्व टेनिसलाई पुरानो सम्झना भने दिलाएको छ। चार वर्षपछि फेरि एउटै छेउमा उभिएका यी दुई दिदीबहिनीका लागि यसपटकको यात्रा उपाधिभन्दा पनि उनीहरूको टेनिसप्रतिको सम्बन्ध र मैदानमा फर्किने इच्छाको प्रतीक बनेको छ।

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**